ISSN 2091-1629

गौरी

मासिक पत्रिका

GAURI MASIK

बर्ष १८, अङ्क ४, २०७९ पुस, पूर्णाङ्क २००

मूल्य रु. ४५/-



श्री किरातेश्वर महादेव मन्दिर
पशुपति, काठमाडौं

सुमार्गी भवन
बनकाली, पशुपति
सम्पर्कः ९८०८५८३७००
शुभकार्य (शुभ विवाह, शुभब्रतवन्ध, चौराशीपूजा, लाखवत्तीपूजा), नेपाली सांस्कृतिक कार्यक्रमहरु, एवम् सभा, सेमिनार गोष्ठी सम्मेलन गर्नु परेमा साथै भागवत् सप्ताह लगायत कुनै पनि कार्यको लागि हामीलाई सम्झनुहोस्।
हामीकहाँ शुद्ध शाकाहारी भोजनको मात्र व्यवस्था हुनेछ ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल

आबाल ब्रह्मचारी कविराज देवराज आचार्य

प्रा. शिवगोपाल रिसाल

डा. बिनु बाबा अर्याल

सल्लाहकार

श्रीमती गङ्गा कार्की

श्रीमती माधवी नेपाल

श्रीमती शिवा रिमाल

श्रीमती सीता श्रेष्ठ, खड्का

श्रीमती कमला बस्नेत

श्री नवराज लामिछाने

श्री मोहन चौधरी

प्रकाशक/सम्पादक

अर्जुन लामिछाने (९८५१०५३६०१)

उप-सम्पादक

बिना अधिकारी

व्यवस्थापक

बिदुरप्रसाद अधिकारी

सहयोगी

बिनीता पाठक

साजसज्जाः बिपीन सोडारी (९८४९८५६२१०)

मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-

वार्षिक सदस्यता शुल्क रू. ५००/-

आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय

भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं

फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७

इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक

विश्व स्वतन्त्र संचार

नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-

वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान

विर्तामोड, झापा ।

फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान

लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल

फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ४, २०७९, पूर्णाङ्क २००

पुस २०७९					
शुक्रबार	१	८	१५	२२	२९
शनिबार	२	९	१६	२३	३०
आइतबार	३	१०	१७	२४	गौरी
सोमबार	४	११	१८	२५	गौरी
मंगलबार	५	१२	१९	२६	गौरी
बुधबार	६	१३	२०	२७	गौरी
बिहीबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध....!

यस गौरी मासिकको वार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

सम्पर्कः

कामपा-८, भुवनेश्वरी मार्ग पशुपति

मोवाइलः ९८४१५३३७८७, ९८०३८८८६६७

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

सत्सङ्गको महिमा, कर्म तथा कर्मत्यागको विधि

जीव र ईश्वर यी दुई पक्षी यसमा गुँड बनाएर बस्छन् । संसारवृक्षमा सुख र दुःख यी दुई फल लाग्छन् । जुन मानिस विषयहरूमा अल्झेका छन्, ती यस रूखका दुःखरूपी फल भोग्छन् । जो विरक्त छन्, ती सुखरूपी फलको सेवन गर्छन् । उद्धव ! वास्तवमा म एउटै हुँ । यो जुन मेरा अनेक प्रकारका रूप हुन्, यी केवल मायामय हुन् । जसले यस तथ्यलाई जान्दछ, त्यसले वास्तवमा वेदहरूको रहस्य जान्दछ । अतः तिमी परमात्मास्वरूप भएर वृत्तिरूप वस्त्रहरूलाई पनि छाडिदेऊ र आफ्नो अखण्ड स्वरूपमा नै स्थित भइहाल ।

सत्वगुणको वृद्धि जसै बढ्छ, अनि जीवले मेरो भक्तिरूपी स्वधर्म प्राप्त गर्छ । निरन्तर सात्विक वस्तुहरूको सेवन गर्नाले सत्वगुणको वृद्धि हुन्छ । धर्मको पालनले सत्वगुणको वृद्धि हुन्छ, त्यही श्रेष्ठ हो । यसको वृद्धिले अधर्म आफै नष्ट हुन्छ । जस्तै बाँसहरूको घर्षणले आगो उत्पन्न हुन्छ र त्यसले सम्पूर्ण वेणुवनलाई डढाएर शान्त भइहाल्छ, त्यस्तै यस जीवले विचारको माध्यमले प्रज्वलित ज्ञानाग्निद्वारा समस्त गुणहरूलाई भस्म पारेर आफू पनि शान्त भइहाल्छ ।

उद्धवजीले पुनः विनयपूर्वक सोधे– भगवन् ! प्रायः सबै मानिस विषयहरूलाई विपत्तिको घर हुन् भनी जान्दछन्, तर फेरि पनि उनीहरू अनेक दुःख सहँदै उपभोग गर्छन् । यस्तो किन ?

भगवान् श्रीकृष्णले भन्नुभयो– उद्धव ! जीवले जसै अज्ञानवश आफ्नो स्वरूपलाई बिर्सेर अहंबुद्धिले काम गर्न थाल्छ, अनि त्यसको सत्वप्रधान मन घोर रजोगुणतर्फ मोडिन्छ र मनमा रजोगुणको प्रधानता हुनासाथ सङ्कल्प विकल्पको लाइन लागिहाल्छ । विषयहरूको निरन्तर चिन्तन गर्दै जान्दाजान्दै पनि इन्द्रियहरूका जालमा फसिहाल्छ र अत्यन्त दुःख पाउँछ । हुन त विवेकी मानिसको चित्त पनि कहिलेकाहीं रजोगुण र तमोगुणको वेगले विक्षिप्त भइहाल्छ, तापनि तिनको विषयहरूका प्रति दोषदृष्टि रहिरहन्छ यस कारण चित्तलाई एकाग्र गरेर उसले चित्तलाई विषयहरूबाट विरक्त गर्ने प्रयत्न गर्दै रहन्छ । अतः साधकले आफ्नो शक्ति र समयका अनुसार साह्रै सावधानीसाथ उत्साहपूर्वक बिस्तारबिस्तार ममा आफ्नो मन लगाउनुपर्छ । अभ्यास गर्दाखेरि आफ्नो असफलता देखेर उसले दिक्क अथवा आत्तिनु हुँदैन ।

कर्मयोग, भक्तियोगको महिमा र ध्यानविधिको वर्णन

उद्धवजीले प्रश्न गरे– भगवन् ! हजुरले जतिखेर जुन रूपले सनकादि ऋषिहरूलाई योगमार्गको उपदेश दिनुभएको थियो, त्यस रूपलाई म जान्न चाहन्छु ।

भगवान्ले भन्नुभयो– प्रिय मित्र सनकादि ऋषिहरूले आफ्ना पिता ब्रह्माजीसित एक पटक योगका सूक्ष्मसीमाका सम्बन्धमा यसरी प्रश्न गरेका थिए–

पिताज्यू चित्त विषयहरूमा ओतप्रोत भएर रहन्छ र तीनै गुण पनि चित्तको एकएक वृत्तिमा व्याप्त रहन्छन्, यस्तो स्थितिमा जो मानिस यस संसारबाट पार हुन चाहन्छ, त्यसले ती दुवैलाई एउटाबाट अर्कोलाई कसरी अलग्ग गरोस् ?

हुन त ब्रह्माजी समस्त प्राणीहरूका स्रष्टा हुनुहुन्छ, तर पनि उहाँले सनकादिका ती प्रश्नको यथार्थ उत्तर दिन सक्नुभएन । अतः यसको उत्तर दिन उहाँले भक्तिभावले मेरो चिन्तन गर्नुभयो । अनि म हंसको रूप धारण गरेर उहाँका सामु प्रकट भएँ । उहाँले मेरो बन्दना गरेर सोध्नुभयो– तपाईं को हुनुहुन्छ ? मैले उहाँहरूसित भनें– ऋषिहरू हो ! परमार्थ वस्तु नानात्वदेखि सर्वथा भिन्न छ, अनि आत्माका सम्बन्धमा तपाईंहरूको यस्तो प्रश्न कसरी युक्तिसङ्गत हुन सक्छ ? सबै शरीर पञ्चभूतात्मक हुनाको कारणले तथा परमार्थदेखि पनि अभिन्न छन् । यस्तो स्थितिमा तपाई को हुनुहुन्छ ? तपाईंको यो प्रश्न केवल वाणीको व्यवहार हो तथा विचारपूर्वक नगरिएको हुनाले निरर्थक पनि छ । मन, वाणी, इन्द्रियहरूले जुन पनि ग्रहण गरिन्छ, त्यो सबै म नै हुँ । यो सिद्धान्त तपाईं तत्त्वविचारद्वारा बुझिहाल्नुहोस् ।

क्रमशः

सम्पादकीय

गौरीको गर्विलो यात्रा

पत्रपत्रिका समाजका दर्पण हुन् । यिनीहरूको प्रकाशनले सम्बन्धित पाठकहरूलाई धेरै कुरामा सुसूचित हुने अवसर प्राप्त हुन्छ । सबै पाठकहरू एकै प्रकारका पठन सामग्रीहरू रुचाउँदैनन् । मानिसको उमेर, बौद्धिकस्तर, स्वभाव र परिस्थितिअनुसार पठन सामग्रीसमेत फरक हुने गर्दछ । त्यसैकारण पत्रपत्रिकामा विविध प्रकारका सामग्रीहरू प्रकाशन गरिन्छ ।

हाम्रो समाजमा आमसञ्चार तथा पत्रकारितालाई राज्यको चौथो अंगको रुपमा लिइन्छ । पत्रपत्रिका पनि आमसञ्चार माध्यमको एक अंश भएकोले यहाँ प्रकाशन हुने सामग्रीले समाजमा सकारात्मक सन्देश प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनु जरुरी छ ।

बजारमा धेरै थरिका पत्रिका प्रकाशन शुरु भएर पनि छोटै समयमा बन्द भएका प्रसस्त उदाहरण छन् । पत्रिका प्रकाशन शुरु गर्नु कुनै ठूलो कुरा होइन तर त्यसलाई निरन्तरता दिनु धेरै महत्वपूर्ण कुरा हो । पत्रपत्रिकाले निरन्तरता पाउनको निम्ति विश्वसनियता हुनुपर्दछ । विश्वसनियता प्राप्त गर्न समाजको निम्ति सकारात्मक योगदान दिनु पनि त्यत्तिकै आवश्यक छ ।

धार्मिक, सांस्कृतिक एवम् आध्यात्मिक विषयवस्तुलाई समेट्दै वि.सं. २०६२ साल असोजबाट प्रकाशन शुरु भएको गौरी मासिक पत्रिका यस महिनासम्म आइपुग्दा आफ्नो प्रकाशनको २०० औं अंक पुरा गरेको छ । वर्तमान परिवेशमा औपचारिक शिक्षाका पाठ्यक्रममा धार्मिक सांस्कृतिक विषयहरूलाई उपेक्षा गरिएको परिस्थितिमा गौरीका प्रकाशन तत्सम्बन्धी ज्ञानको वैकल्पिक सामग्री बन्न गएको छ । त्यसैले गौरीलाई आगामी दिनमा समेत निरन्तरता दिनु आवश्यक छ ।

सीमित श्रोत/साधनबाट प्रकाशन शुरु भएको यस पत्रिकाको निरन्तरतामा आदरणीय, विद्वत् लेखक, पाठक, विज्ञापनदाता एवम् सहयोगीहरू, सहृदयीहरूको अहम् भूमिका रहेको छ । तसर्थ उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दै गौरीको आगामि यात्रामा समेत यहाँहरूको निरन्तर साथ सहयोगको अपेक्षा गर्दछौं । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

हेमन्त आगमन अनन्तकुमार वस्नेत ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

खोज/अनुसन्धान

लिच्छविकालीन ..... 'श्रीराम स्वधर्म' ८

संस्कार

रविवार व्रतकथा. सं. अर्जुन लामिछाने १७

अन्तरर्वार्ता

हरेक कर्मलाई योगमय बनाऔं महात्म सुशील १८

आध्यात्मिक वार्ता

प्राथना कसरी.... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' २१

महिमा

गाईको महिमा विष्णुप्रसाद देवकोटा २४

देश-दर्शन

ओझेलमा परेको..... हरिप्रसाद तिमल्सिना २५

विचार

वैदिक सनातन...... सहप्रा. विनुबाबा अर्याल २८

पुस्तक अंश

परमाणुदेखि विमानसम्मका..... कल्याण पन्त ३२

गतिविधि ३५

हेमन्त आगमन

✍ –अनन्तकुमार वस्नेत

ठण्डी बढ्दछ सुस्तरी भुवनमा हेमन्त आयो घुमी,
उस्तै चल्छ चिसो समीर सिरिरी यी श्वेत डाँडा चुमी !
यस्तो मौसमको म भित्र गहिरो मस्तिष्कमा छाप छ,
आफ्नै शैल मधेसको हृदयमा आत्मीय आभास छ ।१।

काटी धान सफा छ खेत र गरा मैदान टारीहरू,
हुन्छन् श्वेत तुषारले शिखरका बाटा र बारीहरू !
फेर्दा रङ्ग हिमाद्रिले वदनमा देखौँ धराकर्षण,
लेख्नै पर्छ यिनै यिनै विषयमा भन्दैछ मेरो मन ।२।

जाडोको पल कस्नु पर्दछ नयाँ तन्ना र खाँडीहरू,
न्यानो कम्बल झिक्नु पर्दछ यहाँ राडी र पाखीहरू !
जोहो गर्नुछ दाउरा र कपडा सर्जाम आवश्यकी,
त्यस्तै अन्न भँडार जोह गरिए निश्चिन्त बाचिन्छ कि ।३।

होला जङ्गलमा विहङ्ग पशुको सङ्कष्टको जिन्दगी,
प्राणी मानवको लता कुसुमको गाह्रो छ दैनन्दिनी !
देख्दा मौसमी हाल यो समयमा तर्सिन्छ मेरो मन,
पढ्दा कानन कुञ्जको प्रकृतिको हर्षिन्छ मेरो मन ।४।

हेर्ने गर्छु यिनै अलौकिक छटा एक्लै धरामा बसी,
लेख्दा शान्त पहाडको घनघटा सुक्दैन मेरो मसी !
यस्तै काव्य हिमालको विपिनको लेख्ने गरेको छु म,
आफ्नै जीवनका समग्र घटना देख्ने गरेको छु म ।५।❖

–सानोठिमी, भक्तपुर

गीता द्वितीय अध्याय

सांख्ययोग



-आचार्य खेमराज केशवशरण

न हि प्रपश्यामि ममापनुद्या–
द्यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।
अवाप्य भूमावसपत्नमृद्धं
राज्यं सुराणामपि चाधिपत्यम् ।८।

अन्वय- भयौ अअसपत्वम्, ऋदंराज्यम्, सुराणामअधिपत्यं च अवाप्य अपि मम इन्द्रियाणाम् उच्छोषणं शोकं यद् अपनुद्यात् (ततु न हि प्रपश्यामि)।

सरलार्थ- प्रभो ! सम्पूर्ण भूमण्डलको निष्कण्टक राज्य प्राप्त भए पनि र देवलोकको सम्पूर्ण आधिपत्य नै मिले पनि मेरो समग्र इन्द्रियशक्तिलाई सुकाइदिने यस शोकको आवेगलाई शान्त पारिदिने कुनै उपाय मैले देखेको छैन ।

भावार्थचन्द्रिका-

रथ राखिदिने क्रममा भीष्म पितामह र द्रोणाचार्यका सामु पारिदिएर जुन संवेदनशीलता भगवान्ले अर्जुनको मनमा उत्पन्न गरिदिनुभएको थियो त्यसको प्रवलता कति थियो भन्ने आभासको यस श्लोकसम्मले पनि तरङ्गित तुल्याइदिएको छ । बन्धुहरू मासिने भयबाट उब्जेको शोक, जीवनभर भूमण्डलको निष्कण्टक राज्य सुखको उपभोग र मरेपछि देवलोकको आधिपत्यको उपभोग गरेर पनि शान्त नहुने कुरा अर्जुनले बताए । आफ्ना अति आदरणीय गुरूजन र अतिनिकट स्नेही बन्धुजनको वध हुने सम्भावना मात्रले झस्केको अर्जुनको मन यति गहीरो संवेदनाको तहमा पुगेको देखिन्छ कि उनी त्यसलाई कुनै महान्भन्दा महान् उपलब्धिले पनि समाधान दिन सक्ला भन्ने सोच्नै नसक्ने स्थिति आफ्नो बनाउँदै छन् । यसरी अझ पनि अर्जुन आफ्नो आन्दोलित मनस्थितिमै अल्झेका देखिन्छन् । यसभन्दा अघिल्लो श्लोकमा भरखरै उनले प्रभु श्रीकृष्णलाई नै के गर्दा कल्याण हुने हो निश्चित रूपले बताइदिनुहुन अनुरोध गरेका थिए तर फेरि पनि आफ्नो उही उद्दिग्नता देखाउन पुगिरहेका छन् । अर्जुनले आफ्नो खल्वल्लिएको मनस्थितिले गरेको निर्णय बारे सञ्जय आउँदो श्लोकमा इशारा गर्दछन् ।

सञ्जय उवाच
एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ।९।

अन्वय- हे परन्तप, गुडाकेशः हृषीकेशम् एवमुक्त्वा, न योस्य इति गोविन्दम् उक्त्वा तुष्णीम् ह बभूव ।

सरलार्थ- सञ्जयले भने निद्रालाई जितिसकेका अर्जुनले सबैका हृदयका भावहरूलाई जान्ने अन्तर्यामी प्रभु श्रीकृष्णलाई यति भने अनि गोविन्द भगवान्सँग 'प्रभो ! म युद्ध गर्दिन' भनी स्पष्ट बताएर चुप लागे ।

भावार्थचन्द्रिका-

अर्जुन भगवान्को दिव्य सन्देश सुनेर अलिअलि प्रकृतिस्थ बने । यस अध्यायको दोश्रो र तेश्रो श्लोकमा भगवान्ले दिनुभएको उद्वोधनबाट निकै नै चेतना यिनमा जागृत भयो । तर त्यो चेतना स्थिर रहन सकेन फेरि मोह र शोकले उनलाई छोप्यो र कर्तव्यनिर्देशको माग गरिरहेका अर्जुन सम्पूर्ण विश्वजीवनका हृदय साक्षी हृषीकेश भगवान्का सामु अरू धेरै थरी कुरा गरिरहनुभन्दा नलड्ने निश्चय गर्नु नै कल्याणकारी हुने ठहर गरी गोविन्द भगवान्सँग 'म युद्ध गर्दिन' भनी आफ्नो भन्नुपर्ने सबै कुरा टुङ्ग्याएर चुप लागे । भगवान्सामु कर्तव्य मार्गको निर्देशन पाउन अनुरोध गरिकन पनि अर्जुन त्यसको प्रतीक्षा नगरी एकतर्फ निष्कर्ष

निकालेर युद्ध गर्दिन भन्ने टुङ्गो गर्न पुगे । फेरि सल्वलिंदै गएको उनको मानसिकताले उनलाई युद्धबाट विमुख हुने निष्कर्षमा पुऱ्यायो । अर्जुन यो स्थितिमा पुग्नु संसारका समस्त साधकहरूका लागि ज्ञानामृत प्राप्त गर्ने अमोघ स्तोत्र बनिदिन्छ । किनभने त्यसपछि नै भगवान् गीताको अमृत प्रदान गरेर अर्जुनलाई कर्तव्यपथमा प्रेरित गर्नुहुन्छ । अब आउने श्लोकमा सञ्जय यसैको जानकारी दिंदैछन्-

सञ्जय उवाचः

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ।१०।

अन्वय- हे भारत ! उभयोः सेनयो ? मध्ये विषीदन्तं तं प्रहसन् इव हृषीकेशः इदं वचः उवाच ।

सरलार्थ- हे महाराज ! दुई सेनाका बीचमा विलौना गरिरहेका ती अर्जुनलाई सम्पूर्ण इन्द्रियहरूका स्वामी तथा सञ्चालक सर्वान्तर्यामी भगवान् श्रीकृष्णले यस्तो वचन भन्नुभयो ।

भावार्थचन्द्रिका-

यस श्लोकमा सेनयोरूभयो मध्ये भन्ने वाक्य फेरि दोहोरिएर आएको छ । किनभने युद्धका लागि सुरिएर आएका अर्जुनमा जेजति भाव परिवर्तन हुन गयो, त्यसको थालनी सेनयोरुभयो मध्ये रथं स्थापय मेऽच्युतम भनेर उनले गरेको प्रार्थनाबाटै भएको थियो । मानौं सञ्जयले त्यसैको सम्झना यहाँ गर्न लागेका हुन् कि ! त्यसरी पुनः युद्ध गर्दिन भनेर चुप लागेका अर्जुनलाई सम्झाउन थाल्दा भगवान् हाँसेझैं गर्नुभयो । प्रहसन इव भन्ने वाक्य प्रयोग भएको छ । हाँस्नु त भएन तर हाँसे झैं गर्नुभयो । किन ? किनभने म युद्ध गर्दिन भनी अर्जुनले भन्नु उनको स्वभावविपरीत थियो । उनी स्वयंलाई थाहा भएन म कस्का सामु आफ्नो प्रकृतिको प्रतिकूल बोलिरहेछु भन्ने । तर सर्वान्तरयामी ऋषिकेश प्रभुलाई सबै थाहा थियो । त्यसैले पहिले आफूसँग उपयुक्त मार्ग बताइदिने अनुरोध गरेर पनि अहिले आफ्नो स्वभावसित नमिल्दो एकलौटी निधो गरेर म युद्ध गर्दिन भनी अस्वभाविक बोली बोलेको सुन्दा भगवान्लाई हाँसो उठ्यो तर हाँसिहाल्न पनि सक्नुभएन । किनभने करूणाले रोकिदियो । त्यसैले भगवान् पुरा हाँस्नुभएन, हाँसेझैं मात्र गर्नुभयो । प्रहसन्निवले यसै तथ्यलाई इङ्गित गरेको छ ।

अर्को कुरा, अर्जुनले आफ्नो पारिवारिक परिवेशभित्र कुनै घरको कोठामा बसेर यो विषाद गरेको भए अस्वभाविक लाग्ने थिएन तर सेनयोरूभयो मध्ये (दुवै सेनाको बीचमा) युद्धका बाजा बजिसकेपछि शास्त्रास्त्रको प्रहासमात्र बाँकी रहेको अवस्थामा यो विवाद उनी गरिरहेछन् । उनको यो विडम्वनापूर्ण स्थिति देखेर भगवान्ले हाँसेझैं गर्नुभयो ।

हाँसो उठ्ने दुई स्थिति हुन्छन्, एउटा अत्यन्त आनन्द र उमङ्गको स्थितिमा हाँसिन्छ अर्को कसैप्रति उपेक्षाभाव अथवा ठट्टा गर्नुछ भने हाँसिन्छ । यहाँ दुवै स्थिति छैनन् । युद्धको त्यो तनावपूर्ण वातावरणमा आनन्द

अथवा उमङ्गको प्रसङ्ग नै कहाँबाट आउँथ्यो ? अनि आफ्ना परमस्नेही अतिप्रिय सखा अर्जुनप्रति उपेक्षभाव र ठट्टा गर्ने मानसिकता त्यस्तो संवेदनशील अवस्थामा कताबाट सम्भव हुन्थ्यो ? त्यसैले केवल अर्जुनजस्ता वीर शिरोमणिले असमयमा दर्शाएको अतिविचित्र विडम्बनापूर्ण स्थितिले गर्दा भगवान्लाई करूणापूर्ण हल्का हाँसो उठ्यो ।

अर्जुनलाई निमित्त बनाएर सम्पूर्ण संसारका लागि मोहभङ्ग गरिदिने अमृतमय ज्ञानोपदेश गर्नु भगवान्को आफ्ना अंश जीवमात्रप्रतिको भगवान्को असीम अनुकम्पा हो । त्यसैले अर्जुनप्रतिको स्नेहपूर्ण हल्का हाँसो अर्जुन जस्तै दुविधाग्रस्त, मोहमा परेका साधकहरूप्रतिको भगवान्को स्नेह र करूणाको द्योतक हो ।

अब भगवान्द्वारा गीतोपदेशको वास्तविक शुभारम्भ हुन्छ । यस अध्यायको दोश्रो प्रकरण एघारौं श्लोकबाट शुरू भएर तीसौं श्लोकमा टुङ्गिन्छ । यसमा आत्माको अमरता सम्बन्धी ज्ञान प्रदान गर्नु यसप्रकरणको सारभूत लक्ष्य हो ।

श्रीभगवानुवाच–
अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ।११।

अन्वय- त्वम् अशोच्यान् अन्वशोचः प्रज्ञावादांश्व भाषसे, पण्डिताः गतासून्, अगतासूंश्च न अनशोचन्ति ।

सरलार्थ- भगवान्ले भन्नुभयो– अर्जुन ! ठूला ठूला शास्त्रज्ञहरूले बोलेझैं बुद्धिवादी पाराले बोलिरेका छौ । तर जसको शोक गर्नै नपर्ने हो तिनको शोक पनि गरिरहेका छौ । हेर, जान्नेसुन्नेहरू प्राण गइसकेकाहरूको पनि र जीवितैहरूको पनि शोक कहिल्यै गर्दैनन् ।

भावार्थचन्द्रिका-

अर्जुनले कुलक्षयको दुष्परिणाम बताउने क्रममा साँच्ची नै विद्वान्हरूले शास्त्रको मर्म सम्झाएझैं बहुतै गम्भीर र संवेदनशील बनेर प्रथम अध्यायको केही श्लोकहरूका शास्त्रीय पाराले गुनासाहरू प्रकट गरेका थिए । यसैलाई भगवान्ले प्रज्ञावादांश्व भाषसे, भनेर यहाँ सम्झना गर्नुभएको छ । तर त्यति गहीरो ज्ञान गुनका कुरा गरेर पनि फेरि मर्नु कता हो कता अहिले जिउँदै रहेकाहरूको बारेमा पनि सम्भावित मृत्युको शंकाको आवेगमा त्यत्रो शोकको वह पोखे । मरेकाका लागि त शोक गर्नु निरर्थक छ भने जीवितै रहेकाहरूका लागि सम्भावित विनाशको भयमा शोक गर्नु नितान्त नसुहाउने कुरा हो भनी भगवान् सम्झाउँदै हुनुहुन्छ ।

उपनिषद्को निर्देश छ जो आत्मवेत्ता बनिसक्यो त्यसले शोकको सम्पूर्ण सागरलाई छिचोल्दछ । शोकमात्मवित् आत्माको परिचय प्रदान गरेर अर्जुनलाई शोक र मोहबाट मुक्त तुल्याउनु नै यस प्रकरणको लक्ष्य हो ।❖

पुस महिनाका पर्व तथा विदा

१ गते सङ्क्रान्ती, अष्टमीव्रत, गोरखकालीपूजा
३ गते दिशीपूजा
४ गते सफलाएकादशीव्रत,
६ गते प्रदोषव्रत,
६ गते बालाचतुर्दशी, शतबीज छर्ने
७ गते दिशीचह्रेपूजा
८ गते दर्शश्राद्ध, हलो तथा निसिबार्ने, गयामौनी औंसी, वेत्रावती, गोकर्ण, वराहक्षेत्र र विष्णुपादुकामा स्नानदानश्राद्धादि,
९ गते चन्द्रोदय, तोलल्होसार
१० गते क्रिसमस डे
१२ गते मङ्गलचौथीव्रत
१५ गते अष्टमीव्रत, गोरखकालीपूजा, तमुल्होसार, श्वेतमत्स्येन्द्रनाथस्नान
१७ गते सन् २०२३ प्रारम्भ
१८ गते पुत्रदा एकादशीव्रत, गीता जयन्ती
२० गते प्रदोषव्रत,
२१ गते गुरुगोविन्दसिंह जयन्ती,
२२ गते पूर्णिमाव्रत, स्वस्थानीव्रत शुरू, माघस्नान शुरू, भक्तपुर हनुमत्तीर्थ त्रिवेणीमेला, साँखु सालीनदी मेलाप्रारम्भ
२३ गते असनिको स्मृति दिवस
२६ गते काशीमा बडागणेश उत्सव
२७ गते पृथ्वी जयन्ती तथा राष्ट्रिय एकतादिवस
३० गते अष्टमीव्रत

लिच्छविकालीन अभिलेखमा
शैवधर्म र बुद्धधर्म

श्रीराम पाण्डे 'स्वधर्म'

शैवधर्म, बुद्धधर्म एवम् तिनका विविध संस्कृतिले नेपालीहरूको मनमुटु सिञ्चित हुँदै आइरहेको छ । आजपर्यन्त यी दुबै धर्म, संस्कृति नङ र मासु जस्तै भएर रहनुमा प्राचीनकालदेखि कै जीवनशैलीको प्रभाव रहेको देखिन्छ । एउटै धर्ममा पनि अनेकौं सम्प्रदाय पाइन्छन् तर विश्वमा नेपाल एउटा मात्र यस्तो देश हो जहाँ एउटै मन्दिरमा दुबै धर्मका अनुयायी उत्तिकै श्रद्धा-भक्तिले जान्छन्। मन्दिरको नाम पनि दुबै धर्म समुदायको संस्कृतिबाट रहेको पाइन्छ । उदाहरणको रूपमा स्वयम्भूनाथ, बौद्धनाथ, मुक्तिनाथ आदिलाई लिन सकिन्छ ।

शैव र हिन्दुहरूले महादेवका रूपमा पुज्ने कल्याणस्वरूप शिवलाई बौद्धमार्गीहरू वज्रयानमा करूणा रूपमा अवलोकितेश्वर मानी पुज्दछन् । ८४ सिद्धहरूमा कतिपय सिद्धहरू शैवनाथ र बौद्ध दुबैका साझा मानिन्छन् । त्यस्तै एउटै गणेश मन्दिरमा दुबै धर्मावलम्बीहरू जान्छन् । देवता पनि हिन्दु र बौद्ध भन्ने हुन्छ र ? भन्ने भनाइ मानिसहरूमा पाइन्छ । यस्तो साझा संस्कृति, धर्म, सभ्यता विकास हुनुमा नेपालको तत्समय (लिच्छविकाल)का राजाहरूको स्वभाव, उनीहरूले राखेको अभिलेखमा शैव, बौद्ध र अन्य धर्मको समाजमा परेको प्रभाव आदिलाई लिन सकिन्छ ।

लिच्छविकालको इतिहास शिलालेखका प्रमाणहरूबाट वृषदेवको पालादेखि केही स्पष्ट हुन आएकोले प्रा.डा. जगदीशचन्द्र रेग्मीले "लिच्छवि इतिहास" नामक ग्रन्थमा वृषदेवको पालादेखि इतिहास प्रस्तुत गरिएको उल्लेख गर्नुभएको छ (रेग्मी, २०७६, १५) । उक्त प्रमाण र अभिलेखहरूको उल्लेख गरी धनवज्र वज्राचार्यले लिच्छविकालको वि.स. २०३० सम्म प्राप्त २०० अभिलेखको आधारमा "लिच्छविकालको अभिलेख" नामक ग्रन्थ प्रकाशित गर्नुभएको छ । त्यसपछि पनि २०७५ सम्म थप ३० अभिलेख प्राप्त भएको छ । यी सबै अभिलेख र प्रमाणहरूमा शाक्त, बौद्ध, वैष्णवधर्मका साथमा सबैभन्दा धेरै शैवधर्मको उल्लेख भएको पाइन्छ ।

लिच्छवि राजाहरूले श्रीपशुपतिनाथलाई विशेष मान्यता दिई पूजा-अर्चना गरेको, अभिलेख राखेको र मुद्रा प्रकाशित गरेको देखिन्छ । पहिलो लिच्छवि राजा सुपुष्पदेवले पशुपतिमा सुनको छाना र गजुर राखेको मानिन्छ । धर्मदेवकै संवत् ३८१ (ई. ४५९) को स्तम्भलेख जुन खण्डित अवस्थामा छ यसमा पञ्चवक्रमूर्ति (चतुर्मुखलिङ्ग) स्थापना गरेको अवसरमा यो स्तम्भ लेखाई राखिएको बुझिन्छ । गोपाल वंशावली अनुसार पनि राजा धर्मदेवले श्रीपशुपति भट्टारकको दक्षिणमूर्ति र ठूलो वृषध्वज बनाएको उल्लेख छ, जुन स्तम्भको विवरणसँग मिल्न गएको देखिन्छ (रेग्मी, २०७६: ४३-४४) । मानदेवको पालामा १० भन्दा बढी शिवलिङ्ग र शिवमन्दिर बनेको अभिलेखमा पाइन्छ भने अंशुवर्माको पालामा श्रीपशुपतिनाथलाई राष्ट्रदेवको मान्यता दिइनु र उनीपछिका राजाहरूले पनि उक्त नीतिलाई कायम गर्दै श्रीपशुपतिनाथ राजकीय महत्त्वमा परेको देख्दा शैवधर्मको स्थान लिच्छविकालमा उच्च थियो भनी सहजै अनुमान गर्न सकिन्छ ।

राजा मानदेव र शैवसंस्कृति:

साना-ठूला २० भन्दा बढी मानदेवकालीन अभिलेखमध्ये १० भन्दा बढी अभिलेखमा स्वयं राजा मानदेव, उनका राजपरिवार, ब्यापारी र सर्वसाधारणले

शिवलिङ्ग र शिवमन्दिर बनाएको उल्लेख अभिलेखमा पाइन्छ ।

लाजिम्पाट धोबीचौरमा रहेको अभिलेखयुक्त शिवलिङ्गबाट ई. ४६६ (वज्राचार्य, २०३०: ३१-३२) मा राजा मानदेवको आज्ञाले भक्त सेवक नरवर्माले शिवमन्दिर बनाएको भन्ने कुरा थाहा पाइन्छ । तेस्तै रत्नसंघ भन्ने सार्थवाहले (व्यापारीका नेता) ले ई. ४७७ र ४८० (ऐजन, ५०-५१, ५५-५६) मा पशुपति क्षेत्रमा रत्नेश्वर र प्रभुकेश्वर शिवमन्दिर बनाएको र त्यसको लागि प्रशस्त जग्गा गुठी राखेको कुरा तिनै शिवलिङ्गमा लेखिएको अभिलेखबाट थाहा पाइन्छ । पशुपतिनाथ मन्दिरनेर ई. ४९१ (ऐजन: ६२-६३) को अभिलेखबाट जयलम्भ नामका व्यक्तिले राजा मानदेवको निगाहाबाट जयेश्वर शिवलिङ्ग थापेको कुरा पाइन्छ । जनसाधारण र व्यापारीबाट समेत यस किसिमको भक्तिभाव शिवप्रति देखिनुले त्यो बेलाको समाजमा शिवको पूजा-उपासना उल्लेख्य रहेको थाहा पाउन सकिन्छ ।

धारामानेश्वर र मानेश्वर नामका दुई शिवमन्दिर मानदेवले स्थापना गरेको पाइएको छ । ई. ४७६ विष्णुपादुका फेदीको शिवलिङ्ग थापेको पाइन्छ । (ऐजन: ४१-४२) । अंशुवर्माको ई. ६०८ को अभिलेख (वज्राचार्य, श्रेष्ठ, २०३०: ३२०-३२१) मा मानेश्वर र धारामानेश्वर नामका दुई शिवमन्दिरलाई भेटीको व्यवस्था गरिएको उल्लेख पाइनु र ती दुबै मन्दिरको नाममा राजा मानदेवको नाम जोडिएको देख्दा ती दुबैको स्थापना राजा मानदेवले नै गरेको अनुमान सहजै गर्न सकिन्छ । ती दुई शिवमन्दिर मध्ये एउटा चाहिँ विष्णुपादुका फेदीको शिवलिङ्ग हुन सक्ने अनुमान पनि गरिएको छ । वंशावली अनुसार मानदेवले मानेश्वरीको स्थापना गरी स्तोत्र बनाई स्तुति गरेको बताइएको छ । हाल टङ्गालमा अवस्थित मनमानेश्वरी नामको पुरानो मन्दिरमा पुरानो खालको शिवलिङ्ग स्थापित छ । यसै मन्दिरमा मानेश्वरीको गुप्ती पूजास्थल रहेकोले मानेश्वर र मानेश्वरी शिवशक्ति स्वरूपमा मानेश्वरले स्थापना गरेको सम्भव देख्नुहुन्छ इतिहासविद् जगदीशचन्द्र रेग्मी (रेग्मी, २०७६: ५८-६८) ।

मानदेवका दुई रानी क्षेमसुन्दरी र गुणवतीले शिवमन्दिर बनाएको थाहा पाइन्छ । क्षेमसुन्दरीले ई. ४६८ मा लाजिम्पाटमा एक भव्य शिवमन्दिर बनाएको प्रमाण अभिलेखयुक्त शिवलिङ्गमा पाइएको छ । (वज्राचार्य, २०३० : ३९) । अर्की रानी क्षेमवतीले ई. ४९७ मा लाजिम्पाट टुकुचामा आफ्ना पिता किन्नरवर्माको पुण्यको लागि एक शिवलिङ्ग बनाएको अभिलेखयुक्त शिवलिङ्गले स्पष्ट पारेको छ । (ऐजन: ६५) । श्री भोगिनीदेवी जसलाई मानदेवकी बडामहारानी मानिन्छ उनकी छोरी विजयवतीले ई. ५०५ मा पशुपति आर्यघाटमा शिवलिङ्ग स्थापना गरेको अभिलेखमा उल्लेख छ (ऐजन: ८२-८३) । राजपरिवारका अतिरिक्त जनतामा पनि शिवमन्दिर र शिवलिङ्गप्रतिको श्रद्धा-भक्ति देख्दा त्यो बेलाको समाज शैवसभ्यता र संस्कृतिमय थियो भन्ने स्पष्ट हुन्छ ।

राजा मानदेव र मानविहार:

राजा मानदेवले आफ्नो नाममा मानविहार बनाएको (स्वनामेन मानविहार प्रतिष्ठित) उल्लेख गोपालवंशावलीमा छ । राजा मानदेवको स्वयम्भूमा पाइएको मानदेवकालीन अभिलेखमा श्री मानविहारमा गुठी राखेको उल्लेख पाइन्छ

(ऐजनः ७५) । यस प्रमाणबाट मानदेवले मानविहार थापी गुठीको व्यवस्था गरेको मान्नुहुन्छ इतिहासविद रेग्मी । सो अभिलेख खण्डित भएकोले कुनै दानपतिले गुठी राखेको अर्थ धनवज्र वज्राचार्यले गर्नुभएको छ । मानदेवको नाममा विहार स्थापना हुनुले मानदेवले नै विहार बनाई गुठी राखेको स्पष्ट हुन आउँछ । यही विहारलाई राजा अंशुवर्माले ई. ६०८ को हाँडीगाउँको अभिलेखमा भेटीको व्यवस्था राज्यबाट गरेको पाइन्छ ।

लिच्छविकालीन मुद्रामा शैवधर्मको प्रभावः

लिच्छविकालको मानाङ्क, गुणाङ्क, वैश्रणव, अंशुवर्माका तीन थरी मुद्रा, जिष्णुगुप्त र २० थरी जति पशुपति खालका मुद्रा पाइएका छन् (रेग्मी, २०७६, २९) ।

लिच्छविकालका मुद्राहरूमा 'पशुपती' र 'वृष' मुद्राहरूको पनि गणना गरिन्छ । 'पशुपति' अभिलेख र थरी थरीका चित्र अङ्कित तामाका टक र तिनमा तौलको विचार गर्दा जम्मा २० थरी यस्ता मुद्रा पाइएको छ (जोशी, २०३३ः १८७-२०८, ढुङ्गेल, २०४३ः १०३-१०७) ।

यसैगरी 'वृष' अभिलेख अङ्कित र विभिन्न थरीका चित्र अङ्कित तामा र तामा-पित्तल मिस्कट भएका साना-ठूला आकार तौलका यस्ता ६ किसिमका मुद्रा पाइन्छन् (जोशी, २०३३ः २१७-२२३, ढुङ्गेल, २०४३ः १०७-१११) ।

अंशुवर्माको नाम लेखिएका दुईटा टक पाइन्छन् । एकथरी टकमा 'श्रयंशुवर्मा' र 'कामदोही' लेखिएको पाइन्छ । अर्कोथरी मुद्रामा महाराजाधिराज र श्रययंशो अभिलेख लेखिएको छ । अर्को मुद्रा वैश्रवणलाई पनि बाबुराम आचार्य, जगदीशचन्द्र रेग्मी आदि इतिहासविद्हरूले अंशुवर्माकै पालाको मान्नुभएको छ । श्रयंशुवर्मा खालका मुद्रामा कामदोही लेखिएको र कामधेनुको चित्र अङ्कित गरिएको र सोही चित्र यो वैश्रवण मुद्रामा पनि रहेकोले यसको प्रसारण अंशुवर्माको मानिएको हो । स्वयम्भूपुराणमा शैवमुनिहरूले कामधेनुलाई मान्यता दिएको प्रमाण दिदै इतिहासविद् जगदीशचन्द्र रेग्मीज्यूले अंशुवर्माले उक्त टकहरूमा शैव परम्परालाई महत्त्व दिएको मान्नुहुन्छ (रेग्मी, २०७६ः १४९) । वैश्रवण अथवा कुबेर योगीश्वर शिवका मित्र मानिन्छन् र शिवका भक्त अंशुवर्माले आफ्नो धार्मिक धारणाअनुसार कुबेर देवताको नाममा टक चलाएको भन्ने रेग्मीको भनाई न्यायोचित नै लाग्दछ । शैव संस्कृतिप्रतिको अंशुवर्माको लगाव र थप गतिविधिले यसलाई पुष्टि नै गर्दछ । 'पशुपति' अभिलेख भएका तामाका टक छाप्ने चलन पनि अंशुवर्माले सुरू गरेको पाइन्छ । यतिका मुद्रामा शैवसंस्कृति देखिँदा लिच्छविकालमा शिवसभ्यताको विशेष महत्त्व रहेको कुरा यी मुद्राले प्रस्ट्याएका छन् ।

राजा वृषदेव र बुद्धधर्म ः

वृषदेव बौद्धधर्मतिर झुकाव भएका लिच्छविराजा मानिन्छन् । यसको उल्लेख महेशपन्तले आफ्नो लेखमा गर्नुभएको छ । मानदेवको चाँगुनारायणको अभिलेखमा यिनलाई 'व्यायामसंक्षेपकृत' भनिएको र जयदेव द्वितीयले पशुपतिको अभिलेखमा उनै राजालाई 'सुगतशासनपक्षपाती' अर्थात् बौद्धधर्ममा झुकेका भनिएकोले यिनी 'लडाइ भिडाइ कम गर्ने', 'शमप्रिय राजा' थिए भनी पन्तले अर्थ्याएका छन् (पन्त, २०३१ कः २५९) । लडाइ भिडाई कम गर्ने र शान्तिप्रिय राजा थिए भन्ने कुरा धनवज्र वज्राचार्य पनि मान्नुहुन्छ (वज्राचार्य, २०३०ः ८८-८९) । बौद्ध धर्मको अनुयायी भएको, बौद्धधर्मको पक्ष लिने र अनुसरण गर्ने र सो धर्मको गतिविधि बढाएको कुरा वंशावली साहित्यमा कतै सूत्र रूपमा र कतै अलि विस्तृत रूपमा लेखिएको पाइन्छ (रेग्मी, २०७६ः ३९) ।

गोपालवंशावलीमा विश्वदेवको रूपमा वृषदेवको उल्लेख भई उनले 'सीनगुं' (स्वयम्भू) विहारको चैत्यभट्टारकको प्रतिष्ठा गरे । त्यही ढुङ्गेधारा पनि बनाएको उल्लेख गरिएको पाइन्छ (वज्राचार्य, मल्ल, १९८५ः ७६) । संक्षिप्त गोपालवंशावलीमा पनि यसको उल्लेख छ ।

भाषावंशावली परम्परामै वृषदेवको पालामा गौडदेशबाट राजा प्रचण्डदेव आएर स्वयम्भूमा बस्ने गुणाकर बाँडासङ्ग भिक्षुचर्या लिएर नाम फेरेर शान्तश्रीभिक्षु नाम राखेका र ती दुई गुरूचेलाले सल्लाह गरी राजा वृषदेवलाई हात लिएर आफ्नै धर्ममा मिलाई स्वयम्भू चैत्य बनाएको घटना बताइएको पाइन्छ (पौडेल, २०२०ः ५७) ।

भाषावंशावली परम्परामा राजा वृषदेवको बौद्ध गतिविधि सम्बन्धी अझ विस्तृत वर्णन पाइन्छ । सोअनुसार ती राजाले चाबहिलको धन्दो चैत्यको निर्माण तथा चाबहिलको बस्ती, बाँडेगाँउ (बन्दे ग्राम) को चैत्य र बानेश्वर नजिकै एउटा ठूलो विहार पनि बनाएका थिए (पौडेल, २०२०ः ६६-५७) ।

धर्मदेवको ई. ४५९ को पशुपतिको अभिलेख (रेग्मी, २०७६ः ३७-४१) मा 'वर्षशतञ्चकार' को उल्लेख गरिनुले यिनको शासनकाल सयवर्ष रहेको र त्यो समयमा बुद्धशासन नेपाल-मण्डलमा फैलिएको मान्न सकिन्छ । ईसाको चौथो शताब्दीताका प्रसिद्ध बौद्ध भिक्षु वसुबन्धु आफ्ना हजारौं चेलाहरू सहित नेपाल आएको र उनका चेलाहरूले नेपालमा चैत्य बनाएको कुरा तारानाथको कृति (History of Buddhism in India) मा उल्लेख छ । त्यो शासनकाल वृषदेव (ई २८३-३८३) कै भएकोले वृषदेवमा वसुबन्धुको प्रभाव परेको र नेपाल-मण्डलमा बुद्धधर्मको प्रभाव फैलिएको हुनसक्दछ ।

राजा अंशुवर्मा र शैवसंस्कृतिः

अंशुवर्मा भन्दा पहिले पनि राजाका रानी र परिवारले आफन्तको मृत्युमा शिवलिङ्ग र शिवमन्दिर बनाउने प्रचलन रहेको थाहा पाइन्छ । मानदेवका नाति वसन्तदेवको अन्त्यकालतिर ई. को ५३३ तिर एउटा राजनैतिक काण्ड भएको अनुमान इतिहासकारहरूले गरेका छन् । यस्तो सङ्केत गरिएको प्रमाण ई. ५३३ को पशुपति भस्मेश्वरको अभिलेख हो । जसमा ध्रुवसँग प्रतिहार वार्त्तले भश्मेश्वर, शुभेश्वर, स्थितेश्वर र रवीश्वर नामक पाँचवटा शिवलिङ्ग थापेको वर्णन गरिएको छ (वज्राचार्य, २०३०ः १५५) ।

अंशुवर्माले शैवसंस्कृति र सभ्यतालाई विशेष महत्त्व दिएको पाइन्छ । ई. ५९८ को खोपासीको अभिलेखमा शिवदेव प्रथमले अंशुवर्माको वर्णन गर्दै उनी भगवान् शिवका भक्त छन् लेखिएको हुनाले अंशुवर्माको झुकाव शैवधर्मसँग रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । ई. ६०५ देखि स्वतन्त्र राजकाज गर्न थालेपछि उनले पशुपतिनाथका भक्तिभाव दर्शाउने 'भगवतपशुपतिभटारकपादनुगृहीतः' (भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका) भन्ने धार्मिक उपाधि लिन थालेको देखिन्छ । यसरी राजाले पशुपतिनाथसम्बन्धी धार्मिक उपाधि लिन थालेका हुनाले शैवधर्म र पशुपतिनाथलाई राजकीय धर्म र राजकीय राष्ट्रिय देवता मान्न थालिएको तथ्य स्पष्ट हुन्छ (रेग्मी, २०७६ः १५०-१५१) ।

अंशुवर्माले शैवधर्म, संस्कृति र सभ्यतालाई महत्त्व दिएको परम्परा उनीपछिका राजाहरूले पनि निरन्तरता दिएको पाइन्छ । लिच्छविकालको यो परम्पराले मल्लकाल र आधुनिककालमा पनि निरन्तरता पाएको छ । मानदेव द्वितीयले सुरू गरेको पशुपतिनाथसँग सम्बद्ध नयाँ संवतलाई अंशुवर्माले प्रयोग गरे । अंशुवर्माले नै राजाको नाम नराखी प्रसारित 'पशुपति' अभिलेख मात्र राखी पैसा चलाउन सुरु गरेको पाइन्छ । उक्त नीति उनी पछिका राजाहरूले पनि कायम राखेको कुरा समय समयमा निकालिएका २० थरी त्यस्ता पैसा पाइएकोले स्पष्ट हुन्छ । त्यस्ता टकहरूमा साँढे, चन्द्रमा, कलश आदिको चित्र अङ्कन गरेको पाइन्छ । अंशुवर्माले स्वतन्त्र रूपले प्रसारित गरेका अभिलेखमा सिरानमा साँढेको चित्र लेखाउने चलन पनि शिवसंस्कृति कै अङ्ग हो । त्यस्तै उनको अभिलेखमा पशुपतिनाथका अतिरिक्त रामेश्वर, मानेश्वर, साम्बुपुर, धारामानेश्वर, पर्वतेश्वर र कैलासेश्वर आदि प्रमुख शैवमन्दिरहरूमा भेटी तोकेको उल्लेख पाइन्छ (ऐजनः १५२) ।

साँगाको ई. ६०८ को अभिलेखमा मङ्गलाचरणको रूपमा मुण्डमालाधरी शिवको स्तुति एक श्लोकमा भएको देख्दा पाशुपत सम्प्रदायअन्तर्गत कापालिक सम्प्रदायको स्मरण आउने उल्लेख गर्दै इतिहासविद् रेग्मी अंशुवर्मालाई पाशुपत सम्प्रदायका अनुयायी रहेको अनुमान गर्नुहुन्छ साथै जिष्णुगुप्तको पालाका (ई. ६३० तिर) पशुपतिमा पाशुपत आचार्यप्राणईनप्राणकौशिकका दुई अभिलेख पाइनुले पाशुपत सम्प्रदायका जोगी र आचार्यहरूको प्रभाव समाजमा अंशुवर्माअघि देखिनै परेको बुझ्न सकिने बताउनुहुन्छ । कापालिक पाशुपतहरू भैरवको पूजा गर्ने हुँदा यसको स्थापनामा अंशुवर्माको भूमिकालाई लिएर भाषावंशावलीमा पनि उल्लेख पाइनुले रेग्मीको अनुमान उचित नै लाग्दछ । भाषावंशावलीमा अंशुवर्मा प्रयागसम्म पुगी त्यहाँका भैरवको सेवा गरी प्रसन्न गराई तन्त्रोक्त विधिबाट आह्वान गरेको र आफ्नो राज्य फर्केपछि आफ्नो दरबार नजिक वटुक भैरवको स्थापना गरेको कुरा बताइएको छ (पौडेल, २०२०ः ८४) ।

ई. ५९८ मा राजा शिवदेव प्रथमबाट आज्ञा लिई अंशुवर्माले आफैँले प्रसारित गरेको खोपासीको अभिलेखमा 'द्वारोद्घाटयात्रा' र 'कैलाश-यात्रा'को सम्बन्ध पशुपतिनाथसङ्ग भएको हुनुपर्ने अनुमान धनवज्र वज्राचार्यको छ (वज्राचार्य, २०३०ः २७७) ।

स्वयं अंशुवर्माले कुनै देवमन्दिर बनाएको नपाइएपनि शैवमन्दिरहरूको सञ्चालनमा अंशुवर्माले विशेष व्यवस्था गरेको देखिन्छ। त्यस्तै उनको नातेदार पनि शैव धर्मानुयायी रहेको कुरा पशुपति क्षेत्रमा भएका अभिलेखहरूले जनाउँछ । ई. ६१५ को अभिलेखमा अंशुवर्माकी दिदी (बहिनी) भोगदेवीले पशुपतिमा शूरभोगेश्वर थापेको उल्लेख छ । भोगदेवीकी छोरी (अंशुवर्माकी भाञ्जी) भाग्यदेवीले लडितमहेश्वर तथा भाग्यदेवीका पुर्खाले थापेको दक्षिणेश्वर शिवमन्दिरको रेखदेखको जिम्मा स्थानीय पाञ्चालीलाई दिइएको कुरा लेखिएको छ (रेग्मी, २०७६: १५४)। अंशुवर्माले बनाएको भनिएको कैलाशकूटभवनको नामकरण शिवको निवासस्थानको रूपमा प्रख्यात कैलास पर्वतबाट रहन गएको देखिन्छ । तर इतिहासविद् रेग्मीले पुराणको प्रमाण उल्लेख गर्दै प्राचीन वास्तुशास्त्रमा वास्तु भेद अथवा दरवारको स्वरूप अनुसारनै नामकरण हुने गरेको बताउनुहुन्छ । अंशुवर्माको शिवप्रतिको अनुरागलाई हेर्दा कैलाशकूट नामकरण उनीभित्रको शिवभक्तिकै अभिव्यक्ति हो भन्न सकिन्छ ।

इतिहासकारहरूले अंशुवर्मालाई विभिन्न परिवारसङ्ग जोडेर हेरेका छन्, यद्यपि उनको परिवारको उल्लेख स्पष्ट रूपमा नपाइएकोमा बाबुराम आचार्यले अंशुवर्मालाई लिच्छवि नै मान्नुभएको छ। लिच्छविहरू वर्मान्त र देवान्त दुई भागमा बाँडिएको र अंशुवर्मा वर्मान्ततिरका लिच्छवि होइनन् भन्न सकिन्न । भारतको वैशालीबाट ईसापूर्व दोश्रो-तेस्रो शताब्दीतिर नेपाल उपत्यका आएका भनिएका सुरूका लिच्छविहरू शैवधर्म मान्थे भनिएको पाइन्छ । उनीहरूको पूर्खाको धर्म वैष्णव या अरू कुनै संस्कृति भए पनि सुरूका लिच्छविहरूले उपत्यकाकै रैथाने शिव एवम् किरात संस्कृति स्वीकारेको हुनसक्छ। किनकि उपत्यकामा गोपाल वंशदेखिनै शिवसंस्कृतिको प्रधानता रहिआएको पाइन्छ। देवान्तराजाहरूले वर्मान्तकुलका रानी विवाह गर्दा रानीहरूले आफ्नो पति र पितापूर्खाका लागि शिवमन्दिर बनाएको पाइनु शैवसंस्कृतिकै निरन्तरताको रूपमा लिन सकिन्छ । अंशुवर्मा र उनको आफन्त, नातेदारमा पनि शैवधर्मको प्रभाव पुर्ख्यौलीदेखिकै हुनसक्ने देखिन्छ ।

राजा अंशुवर्मा र बौद्धसंस्कृति

अंशुवर्मा शैवधर्मको अनुयायी भए पनि उनी सर्वधर्म समभावको पक्षमा थिए भन्ने कुरा उनले त्यसबेला समाजमा प्रचलित बौद्ध, शाक्त र वैष्णवधर्म सञ्चालनका लागि स्थापना गरेको गुठी, मन्दिर चलाउन व्यवस्था गरेको भेटी आदिका अभिलेखबाट थाहा पाइन्छ । अंशुवर्माले स्वतन्त्र भएर प्रसारित गरेको पहिलो अभिलेख बुङ्मतिको ई. ६०५ को अभिलेखको शिरोभागमा प्रख्यात बौद्ध चिह्न दुईतिर मृग र बीचमा रथचक्रको चित्र अङ्कित हुनु महत्त्वपूर्ण छ (वज्राचार्य, २०३०: २९०) । राजकीय स्तरमा प्रसारित अभिलेखमा यसरी बौद्ध चिह्न अङ्कित गराउने पहिलो राजा पनि अंशुवर्मा हुन्। उनले तत्कालीन समाजका हरेक क्षेत्रलाई उठाउने र राष्ट्रको गौरवसँग जोड्ने काम गरेको देखिन्छ ।

अंशुवर्माको हाँडीगाउँको ई. ६०८ को अभिलेखमा शैव, वैष्णव मन्दिरहरू साथै अनेक बौद्धविहारहरूलाई पनि भेटीको व्यवस्था गरिदिएको कुरा लेखिएको पाइन्छ। त्यस अभिलेखमा उल्लेख भएका विहारहरूमा गुंविहार, श्रीमानविहार, श्रीराजविहार, खर्जुरिकाविहार, मध्यमविहार र सामान्य विहार पर्दछन्। यसअघिको अभिलेखमा यस्तो किसिमको व्यवस्था भएको प्रमाण नपाइएकोले उनले नै सर्वप्रथम यस्तो नीति लिएको मानिन्छ ।

हालै गोकर्णमा पाइएको ई. ६१४ को अभिलेखमा अंशुवर्माले आफूले स्थापना गरेको श्रीराजविहारलाई अहिंदुकोट नामको गाउँ गुठी राखेको विवरण उल्लेख छ (रेग्मी, २०७६: १५८)। गोपालवंशावलीमा अंशुवर्माले राजविहार स्थापना गरे भनिएको छ । हाँडीगाउँको अभिलेखमा उक्त विहारलाई गुंविहार र मानविहारको जति नै (पुराण ६ पण २) भेटीको व्यवस्था गरेको उल्लेख पाइन्छ। हाँडीगाउँको अभिलेखमा गुठीको मात्र उल्लेख भएको श्रीराजविहार गोकर्णको अभिलेख (ऐजन) मा अंशुवर्माले स्थापना गरेको उल्लेख पाइनुले गोपालभाषावंशावलीमा मिल्न गएको र अझै प्रामाणिक भएको देखिन्छ। यसबाट शैवसंस्कृतिलाई जत्तिकै प्रश्रय बौद्धसंस्कृतिलाई पनि राज्यबाट भएको पुष्टि हुन्छ ।

अंशुवर्माकै गोकर्णेश्वर महादेवस्थाननिर पाइएको अभिलेखमा वज्रयान शब्दको उल्लेख भएकोले त्यसै बेला नेपालमा बौद्धधर्ममा वज्रयानको स्थिति आइसकेको मानिएको छ (वज्राचार्य, २०३०: ३७०-३७१)। उक्त नयाँ सम्प्रदाय

सम्बन्धी गतिविधिलाई प्रोत्साहन गर्ने नीति राज्यबाट लिइसकेको बताउनुहुन्छ इतिहासविद रेग्मी तर यसबारेमा अन्य प्रमाणहरू भने पाइएका छैनन् । फर्पिङबाट पाइएको शिलालेख (ऐजनः ३६८) मा कुनै बौद्धविहारमा अंशुवर्माले धाराको बन्दोबस्त गरिदिएको उपलक्ष्यमा भिक्षुहरूबाट अंशुवर्माको गुण गाइएको छ ।

अंशुवर्माले कुनै पनि शिवमन्दिर बनाएको पाइएको छैन तर श्रीराजविहार अंशुवर्मा आफैँले निर्माण गर्नु, अभिलेखमा वज्रयानको उल्लेख गरिनु, विहारहरूलाई सञ्चालनको उचित व्यवस्था गरिदिनुले बौद्धधर्म, संस्कृति र सभ्यताले अंशुवर्माको पालामा फल्न–फूल्न पाएको स्पष्ट हुन्छ ।

शिवदेव प्रथम र बुद्धधर्मः

शिवदेव प्रथम अन्तिम समयमा बौद्ध भिक्षु भएको भन्ने उल्लेख आउँछ । अभिलेखमा एउटै मात्र शिवदेव विहार शिवदेव प्रथमले बनाएको उल्लेख भएपनि उनले नन्दीशाला विहार नशावहाः, मणिपुर जैव विहार, मणिधर जैव विहार र मानसिंह विहार पनि बनाएका थिए भनेर प्राचीन ताडपत्रहरूमा उल्लेख गरेको पाइन्छ (अमात्य, २०७५ः ४०) । बुद्धधर्मप्रतिको उनको लगावले उनी भिक्षु नै भए जस्तो लाग्दछ यद्यपि यसमा थप अध्ययन हुनपर्ने देखिन्छ ।

भृकुटीः

भृकुटीको उल्लेख तिब्बती वंशावलीमा गरिएको भए पनि नेपाली स्रोतहरूमा यसबारे जानकारी पाइएको छैन । जनश्रुति अनुसार राजा अंशुवर्माले आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रोन–चन–गम्पोसित गरिदिएको र भृकुटीले तिब्बतमा अरनिको सहितको कलाकारको टोली लिएर गई बौद्धधर्मको विस्तार गरेको उल्लेख छ । त्यसैले नेपाल सरकारले भृकुटीलाई राष्ट्रिय विभूति समेत मानेको छ ।

स्रोन–चन–गम्पोलाई लोकेश्वर देवताको रूपमा प्रतिष्ठापित गर्ने र ती देवताका दुई शक्ति श्वेततारा र हरिततारको आवश्यकता पूरा गर्न ती दुई राजकुमारीको महात्म्य बताइएको बुझिन्छ । यसरी ऐतिहासिक आख्यानहरूमा भृकुटीको एक दैवी व्यक्तित्वको स्वरूप पाइन्छ र तिब्बतीहरूका लागि ऐतिहासिक व्यक्तित्वको रूपमा मानिएकी छिन् भन्ने भनाइ इतिहासकार मेरी स्लसरको छ (रेग्मी, २०७६ः १८२) ।

स्रोन–चन–गम्पोको समय ई. ६२९–६५० को बीच मानिएको छ । भृकुटी र स्रोन–चन–गम्पोको विवाहको मिति ई. ६४१ लाई हेर्दा उक्त समयमा नेपालका शासक 'विष्णुगुप्त–भिमार्जुन'देव दुईमध्ये एकको छोरी हुन सक्दछिन् अथवा उनी नरेन्द्रदेवकै छोरी पनि हुन सक्दछिन् तर अंशुवर्माको देहान्तको २० वर्ष बितिसकेकोले उनको छोरी हुनु असम्भव प्रायः मान्नुहुन्छ मेरी स्लसर । नेपालको तिथि मितिलाई मध्यनजर गर्दा पनि अंशुवर्माको छोरी भएको उल्लेख कुनै अभिलेखमा पाइएको छैन । भृकुटीको कुनै स्पष्ट उल्लेख नेपाली इतिहासमा नपाइनुले अध्ययनमा अप्ठ्यारो परेको छ ।

गुप्त शासनकालमा शैव र बौद्धधर्म एवं संस्कृतिः

लिच्छविकालमा वर्मान्त र देवान्तसँगै गुप्तहरूको शासन रहेको पाइन्छ । ई. ५४० को पशुपतिको शिवलिङ्गमा एक आभिरी कुलकी महिला गोमिनीले अनुपरमेश्वर शिवलिङ्ग थापेको वर्णन गरिएको छ (वज्राचार्य, २०३०ः १७० ःः१७१) । त्यसै अभिलेखमा भौम गुप्तलाई आफ्नो छोरा भनेकी छिन् । अनुपरम गुप्तलाई इतिहासकारहरूले ब्राह्मण मानेका छन् । उनैले 'भगवान् द्वैपायनस्तोत्र' रचेकाले वैदिक वेदान्ती भएको र यिनले गोपालकी छोरीसँग अनुलोम विवाह गरेको हुन सक्दछ भन्ने विचार इतिहासकार ज्ञानमणि नेपालको छ । जसरी वर्माका रानीहरूले आफ्नो पति र पिताको लागि शिवमन्दिर, शिवलिङ्ग बनाएको देखिन्छ त्यसैगरी परम वैष्णव अनुपरमको धर्मपत्नीले पनि शिवलिङ्ग बनाएको देखिनाले उनको विचार उचित नै लाग्दछ । यसबाट अझै स्पस्ट हुन्छ कि स्थानीय जनजातिहरू शैव धर्मानुयायी थिए ।

गुप्तहरूमा रविगुप्त, भौमगुप्त, जिष्णुगुप्त र विष्णुगुप्तको योगदान लिच्छविकालमा महत्वपूर्ण रह्यो । भौमगुप्तका पिता अनुपरमले रचना गरेको 'द्वैपायन स्तोत्र'को साहित्यक, बौद्धिक र धार्मिक महत्त्व भएको र यिनीपछि यस्तै व्यक्तित्त्व अरू लिच्छवि राजाहरूमा नपाइएको

इतिहासकारहरूको मत छ । उक्त स्तोत्रमा बौद्धमतको खण्डन भएकोले इतिहासकार धनवज्र वज्राचार्यले त्यो बेला बौद्धमतको आधिक्यता थियो भनेका छन् । त्यो खण्डन उनको दार्शनिक चिन्तनबाट अभिप्रेरित थियो भन्ने धारणा अर्का इतिहासकार ज्ञानमणि नेपालको छ (नेपाल, २०४०: ८१) ।

आभिर गुप्तहरूको वैष्णवधर्मप्रतिको अनुराग अनुपरमको द्वैपायनस्तोत्रबाटै स्पष्ट हुन्छ । यसैको विस्तार भौमगुप्त, जिष्णुगुप्त र विष्णुगुप्तले गरेको बुझिन्छ । भौम गुप्तले स्थापना गरेको बराहमूर्ति र देउपाटनमा भौमगुप्तको पालामा सरकारी कर्मचारीद्वारा थापेको हरिहरको मूर्ति उल्लेखनीय मानिएको छ । भौम गुप्तपछि अंशुवर्माले शैवमतलाई अघि बढाए । यसपछिका शासक जिष्णुगुप्त र विष्णुगुप्तले पशुपतिनाथको भक्ति देखाउने विरूद्ध पनि धारण गरेको र अरू धर्मका मतलाई पनि समभावमा स्वीकार गरेको पाइन्छ ।

नेपालको पहिलो पाशुपत अभिलेख जिष्णुगुप्तको पालाको पाइएको कुरा महत्वपूर्ण छ । पाशुपत आचार्य 'भगवत्प्रनर्दनप्राणकौशिक'ले पशुपति प्राङ्गणमा थापेको पाशुपतहरूको इतिहास बताउने महत्त्वपूर्ण अभिलेखमा जिष्णुगुप्तको नाम श्रद्धा-भक्तिसाथ उल्लेख गरेका छन् (वज्राचार्य, २०३०: ४२६-२७, ४२९) । यसबाट पाशुपत मत र पाशुपत सम्प्रदायलाई राज्यबाट संरक्षण थियो भन्न सकिन्छ ।

राजा नरेन्द्रदेव र शिवसंस्कृति:

लिच्छविकालीन इतिहासमा नरेन्द्रदेवको स्थान विशेष मानिन्छ । मानदेवका नाति वसन्तदेवपछि नै रविगुप्त, क्रमलिल, भौमगुप्त, जिष्णुगुप्त र विष्णुगुप्तको द्वैत शासनले राजाहरूको शक्ति खुम्चिएकोमा नरेन्द्रदेवले त्यसलाई आफ्नो हातमा लिएको देखिन्छ । अंशुवर्माको समयदेखि राजाले पशुपतिनाथको भक्ति जनाउने विरूद 'भगवत्पशुपति भट्टारकपादानुगृहीत:' लिन थालेदेखि उदयदेव, जिष्नुगुप्त, विष्णुगुप्तहरूले सो चलन कायम गरेकोमा नरेन्द्रदेवले पनि सो चलन कायमै राखेको उनका अभिलेखमा पाइन्छ (रेग्मी, २०७६: २४२) ।

उनका ई. ६७९ का दुई अभिलेखमा नरेन्द्रदेवले पशुपति क्षेत्रमा ठूलाठूला धारा बनाएको लेखिएको पाइन्छ (वज्राचार्य, २०३०: ४९६, ४९९) । गोपालवंशावलीमा उनले सुनको धारा बनाएको, पशुपतिनाथलाई अनेक रत्नसहितको विचित्र कोष बनाई चढाएको उल्लेखित छ । यसबाट उनमा पशुपतिनाथप्रति श्रद्धा रहेको स्पष्ट देखिन्छ । आफ्नो जीवनको अन्तिमकालतिर नरेन्द्रदेव शैवधर्मतिर विशेष रूपले लागेको कुरा ई. ६७९ का दुई अभिलेखमा उनको नामसाथ पारम्परिक पाशुपत उपाधिसाथै 'परममाहेश्वर'को थप धार्मिक उपाधि पनि लेखिएको (ऐजन) पाइन्छ । 'महेश्वर' उपाधिलाई इतिहासविद्हरूले शैवसम्प्रदाय अन्तर्गतको रसेश्वर र कतै नाथ सम्प्रदायसङ्ग पनि जोडेर हेरेको पाइन्छ । नरेन्द्रदेवको पालासम्म आइपुग्दा शैवमतले समाजमा अग्राधिक्यता पाएको स्पष्ट हुन्छ ।

अंशुवर्मा र जिष्णुगुप्तकै समयदेखि पाशुपत सम्प्रदायहरूको गतिविधि बढ्दै गइरहेको पृष्ठभूमिमा नरेन्द्रदेवको समयमा पनि पाशुपतहरूको गतिविधि बढेको देखिन्छ । गैह्रीधाराको ई. ६५९ को अभिलेख (वज्राचार्य, २०३०: ४८१-४८२) मा पशुपतिको पूर्वतिर भगवान् वज्रेश्वर मण्डलीलाई गुठीको व्यवस्था गरेको लेखिएको छ । सो वज्रेश्वर मण्डली पाशुपतहरूकै मण्डली रहेको बुझिन्छ (रेग्मी, २०७६: २४३) ।

अर्को अभिलेखमा ई. ६४५ मा सुवर्णगोभिनी नामकी ब्राह्मण महिलाले 'दानपाशुपत' सम्प्रदायका आचार्य दक्षिणतिलङ्कुकलाई केही जग्गा दान गरेको र ती आचार्यले सो जग्गा पाशुपत सम्प्रदायका जोगीहरूलाई बिरामी भएमा उपचार गर्नको लागि दान दिएको लेखिएको छ (वज्राचार्य, २०३०: ४७२) । जनसाधारणको दानमा नै पाशुपतमतका गुरूहरूको उल्लेख आउनुले नरेन्द्रदेवको समयमा पाशुपतमतको विस्तार भइसकेको स्पष्ट हुन्छ । त्यो बेला ४ प्रकारका शैव संन्यासी सम्प्रदायबाट श्रीपशुपतिनाथको दैनिक पूजा-अर्चना हुन्थ्यो भनेर संस्कृति अध्येता डा. सोम खतिवडाले बताउनुभएको छ (तन्त्रचर्चा भाग: ६२) ।

नरेन्द्रदेवका छोरा शिवदेव द्वितीयको शासनकालमा ई. ६९५ को लगनटोलको अभिलेखमा स्थापना गरेको शिवदेवेश्वरको रेखदेखको जिम्मा पनि 'वशपाशुपत' सम्प्रदायका आचार्यहरूलाई दिइएको कुरा लेखिएको छ (वज्राचार्य, २०३०: ५१४-५१५) । वंश नामले पाशुपतमतका आचार्यलाई सङ्केत गरेको बताउनुहुन्छ इतिहासविद

रेग्मी । यसबाट नरेन्द्रदेवको पालापछि पनि पाशुपतमत उपत्यकामा फैलिएको स्पष्ट हुनआउँछ ।

राजा नरेन्द्रदेव र बौद्धसंस्कृतिः

राजा नरेन्द्रदेवले आफ्ना बाजे शिवदेव प्रथमले स्थापना गरेको शिवदेव विहारका भिक्षुसंगलाई ई. ६७९ अभिलेख (ऐजनः ४९६, ४९९) मा पशुपतिक्षेत्रमा बनाएको हिटीधाराहरूको जिम्मा दिएको देखिन्छ । अभिलेखमा उक्त धाराको रेखदेख र बन्दोबस्तको लागि दुई गाउँ दानमा दिइएको कुरा लेखिएको छ । यसबाट उनले आफ्नो पुर्खाले थापना गरेको बौद्धविहारलाई आर्थिक आधार दिए भने सर्वधर्म समभावको लिच्छविकालीन शासकीय चरित्रलाई बलियो बनाउने आधार प्रस्तुत गरे, यो क्रम उनको पुस्तामा पनि गएको देखिन्छ ।

उनका छोरा शिवदेव द्वितीयले पनि आफ्नो पिताले जस्तै बौद्धसंस्कृतिलाई अगाडि बढाएको पाइन्छ । गोपालवंशावलीमा उनले नन्दीसालाविहार बनाएको, भिक्षुहरूको भोजनको लागि सदाव्रतको व्यवस्था गरेको भनिएको छ (रेग्मी, २०७६ः २४८) ।

जयदेव द्वितीयको पशुपति अभिलेखः

जयदेव द्वितीयको ई. ७३३ को पशुपति अभिलेखको ठूलो महत्त्व देखिन्छ जसबाट लिच्छवि वंशावली एवम् ऐतिहासिक महत्त्वका धेरै कुरा बुझ्न सकिन्छ । जम्मा ३४ संस्कृत श्लोक भएको सो अभिलेखले एकातिर आफ्नै किसिमले काव्यात्मक सौन्दर्यको प्रस्तुति गरेको छ भने अर्कोतिर लिच्छवि राजाहरूको वंशावली खास गरी नरेन्द्रदेव, शिवदेव द्वितीय र स्वयं जयदेवको केही विस्तृत विवरण दिइएको छ । उक्त अभिलेखमा शुरुका दुई श्लोक र २९-३० श्लोकमा पशुपतिनाथको माहात्म्य बताइएको छ (रेग्मी, २०७६ः २५४, २५९) । यो अभिलेख प्रशस्ति हो । यस्तो अभिलेख लिच्छविकालको इतिहासमा दोश्रो हो । पहिलो चाँगुनारायणको अभिलेख हो । आफ्नो पुर्खाको वंशावली राखिएको अभिलेख वैष्णवपीठमा पाइनुले मानदेव वैष्णव धर्मतिर झुकाव भएका राजा थिए कि भन्ने अनुमान गर्न सकिन्छ । आफ्नी मुमा राज्यवतीको पुण्यको लागि भनेर भगवान् विष्णुविक्रान्तका दुई मूर्ति स्थापना गर्नुले पनि अनुमानलाई थप पुष्टि गर्दछ । उनै मानदेवका वंशज जयदेव द्वितीयले आफ्ना पितापुर्खाको वंशावली पशुपति अर्थात् शिवमन्दिरमा राख्नुलाई महत्वपूर्ण रूपमा लिन सकिन्छ ।

सुरूका लिच्छविहरू शैवधर्मानुयायी मानिन्छन् (अमात्य, २०७५ः VII) । त्यसपछिका लिच्छवि राजाहरू मूलतः वैष्णव मानिए पनि ज्ञात ऐतिहासिक कालमा गुप्तहरूको जस्तो लिच्छविहरूको भूमिका वैष्णव संस्कृतिको उत्थानमा स्पष्ट छैन । लिच्छविकालको स्पष्ट अभिलेखमा उल्लेख भएका लगभग अन्तिम राजाको पालातिर पुनः शिवसंस्कृति समाजमा लोकप्रिय भएको प्रमाणको रूपमा यो अभिलेख महत्त्वपूर्ण मानिन्छ । यसपछि आठौं देखि बाह्रौं शताब्दीसम्मका अभिलेखहरू कम पाइएका छन् । त्यो कालमा शैव र बौद्ध तन्त्रको विशेष प्रभाव समाजमा पर्‍यो भनिन्छ ।

उपसंहारः

लिच्छविहरू भारतको वैशालीबाट उपत्यका आएको मानिन्छन् । त्यतैबाट आफ्ना पितापुर्खाका धर्म संस्कृति सङ्गै ल्याएको र उपत्यकाको धर्मसंस्कृतिसँगको अन्तरघुलनमा शैवसंस्कृतिलाई अपनाएको देखिन्छ । लिच्छविराजाको शासन सञ्चालन गर्ने थलोको रूपमा चिनिएको हाँडीगाउँ क्षेत्रमा वैष्णवमन्दिरहरू धेरै हुनु र पछिका आभिरगुप्तहरूले पनि वैष्णव संस्कृतिलाई नै अत्याधिक अपनाएको देखिन्छ । वैष्णव, बौद्धधर्म संस्कृतिसङ्गको अन्तरघुलन र सङ्घर्षमा आखिरमा शिवदेव द्वितीयको पालामा आएर शैवसंस्कृति नै समाजमा बढी प्रचलनमा पाइनु संयोग मात्र हैन । किरातहरू शैवधर्मका अनुयायी मानिन्छन् । लिच्छविहरू नेपाल उपत्यका आउनुभन्दा अघि यहाँ किरात संस्कृति थियो भन्ने कुरा लिच्छविकालीन अभिलेखमा परेका त्यसबेलाका असंस्कृत शब्दहरूबाट स्पष्ट हुन्छ । यसबाट नेपाल उपत्यकामा पहिलेदेखि नै शैवसंस्कृति मूल रूपमा प्रचलनमा रहेपनि लिच्छविकालमा अरू धर्म-संस्कृति सङ्ग सहकार्य गर्दै शैवधर्म अघि बढेको देखिन्छ ।

वृषदेवदेखि शिवदेव द्वितीयसम्मका राजाहरूको राजकीय नीति सर्वधर्म समभाव थियो । वृषदेव, शिवदेव प्रथम आदि लिच्छवि राजाहरू बौद्धधर्मबाट बढी प्रभावित भएको, अंशुवर्माले शैवधर्म र पशुपतिनाथलाई केन्द्रमा राखेको त्यस्तै गुप्तहरूले वैष्णवसंस्कृतिलाई अघि बढाएको

देखिए पनि राज्यको मूलनीति धार्मिक स्वतन्त्रता नै रहेको स्पष्ट हुन्छ । लिच्छवि राजाहरूले धर्मलाई सापेक्ष रूपमा लिएका र धर्मलाई आफ्नो आस्थाअनुसार समाजमा अवलम्बन गर्न पाइने उदारता देखाएकाले लिच्छविकाल कला–साहित्य, संस्कृति, सभ्यताको रूपमा मात्र स्वर्णयुग नभई धर्मको स्वतन्त्र अभ्यासमा पनि अगाडि रहेको बुझ्न सकिन्छ जुन कुरा आजको युगमा पनि उत्तिकै सान्दर्भिक छ ।

लगभग छब्बीस सय वर्ष पुरानो मानिएको बुद्धसभ्यता भन्दा पहिले नै नेपालमा जनकसभ्यता थियो । 'जनक'लाई व्यक्तिको रूपमा नलिई परमतत्त्वबोध गरेको रूपमा लिइन्थ्यो त्यसैले धेरै जनकहरूको उल्लेख पूर्वीय वाङ्मयमा आउँछ । जनकको कुलमा लिच्छवि नामका राजा जन्मिएको र लिच्छविवंशको कुल जनक भएको उल्लेख गरिएको पाइन्छ । तर ती कुन कुलका थिए भन्ने सन्दर्भमा अझै गहन अध्ययन हुनपर्ने देखिन्छ । जनकसभ्यताको आधारस्तम्भ पनि योगसभ्यता नै हो । जनकसभ्यता भन्दा पनि जेठो र विश्वकै पहिलो योग र तन्त्रको सभ्यता शिवसभ्यता थियो भन्ने मत विद्वान एवम् योगीहरूको छ । नेपालमा मात्र विशेष प्रकारको धार्मिक समन्वय पाइनु, यो भूमि तपोभूमि हुनु र योगसाधनाबाट मानवीय चेतनाको उच्च विकास हुने भएकोले एवम् योगीहरूको योगसाधनामा नेपाल पहिलो रोजाइ हुनुले नेपालको धार्मिक समन्वयमा पनि योगसभ्यताकै भूमिका रहेको देखिन्छ । बुद्धिबाट बोधको यात्रा नै योगको लक्ष्य हो अतः मानव रूपान्तरणमा योग एवम् तन्त्रको कला, संस्कृति एवम् विज्ञानको अध्ययन सूक्ष्मरूपमा नेपालीहरूको जीवनशैलीमाथि हुनपर्ने देखिन्छ । शैव, बौद्ध, वैष्णव आदि मतमा देखिएको सर्वधर्म समभाव र जातीय सद्भावको वास्तविक रहस्य पनि यही लुकेको हुनसक्छ ।❖ पशुपति

सन्दर्भ सामग्रीः

लिच्छविकाल इतिहास, प्रा.डा जगदीशचन्द्र रेग्मी

लिच्छवि अभिलेख, धनवज्र वज्राचार्य

वाग्मती सभ्यता, डा. साफल्य अमात्य

नेपाली मूर्तिकलाको विकासक्रम

नेपाल निरूक्त, ज्ञानमणि नेपाल

पशुपति प्रत्यभिज्ञा, प्रा. चुडानाथ भट्टराय

उत्तर प्राचीनकालीन मुद्रा, हरिराम जोशी

गोपाल वंशावली,

संक्षिप्त गोपाल वंशावली ।

श्री रविवार व्रतकथा

रविवारको व्रत कहिलेबाट आरम्भ भयो ? यस बारेमा कुनै निश्चित प्रमाण त पाइँदैन । तर पनि यस व्रतको सम्वन्धमा पौराणिक कथा र किंवदन्ती भने प्रसस्त पाइन्छ ।

द्वापर युगको अन्त्यमा एकपल्ट महर्षि दुर्वासा श्री कृष्ण भगवान्को दर्शन गर्नलाई द्वारकामा जानु भएछ ।

भगवान् श्रीकृष्णले पनि मुनिको ठूलो सम्मान गर्दै पूजा सत्कार गरी भोजन गराई आफ्नो साथमा राखेर अनेक धर्मशास्त्रका कुरा गरिरहनु भएको थियो । यसै अवसरमा जाम्बवती (श्रीकृष्णकी पत्नी)का पुत्र शाम्व आई दुर्वासाको शरीर देखेर खुब खिस्सी गर्न लागेछन् । धेरै पल्ट दुर्वासाले सहेछन् । तर अति भएपछि क्रोधी मुनिले आफ्नो रीस थाम्न नसकेर शाम्वलाई 'तँलाई कोर निस्कियोस' भनी श्राप दिएछन् । ऋषि दुर्वासाले भगवान् श्रीकृष्णको अगाडि श्राप दिएका त थिएनन् तर त्यो कुरा नारदको मुखबाट भगवान् श्रीकृष्णले पनि सुन्नु भएछ । विदा भई सकेका दुर्वासालाई पछ्याउँदै गएर श्राप मुक्त हुने कुरा सोध्दा दुर्वासाले 'शाम्वले रविवारको व्रत गर्नुपर्दछ, त्यस पछि सूर्य भगवान्को कृपावाट रोग मुक्त हुन्छ' भन्ने जवाफ दिए ।

ऋषिको श्रापले तत्कालै कुष्ठरोगी बनेका शाम्व उनैको आज्ञा मुताविक शास्त्रोक्त विधिले सूर्यको पूजाको साथै रविवारको व्रतोपवास बसेर रोग मुक्त पनि भए । अतः वर्ष भरका ५२ हप्तामा पर्ने हरेक रविवारको दिन सूर्यको पूजा शास्त्रोक्त विधिले गरे पछि विभिन्न रोग नाश हुने विश्वास गरिन्छ ।

रविवार व्रतको सन्दर्भमा अर्को किंवदन्ती पनि छ– धेरै वर्ष अगाडिको कुरो हो एउटा गाउँमा एउटी बृद्धा बस्थिन् । हरेक आइतवार उनले गाईको गोवरले आफ्नो घर लिपेर दिनभर निराहार भएर बस्थिन् । साँझ परेपछि श्रीसूर्य भगवान्लाई नैवेद्यादि चढाएर त्यही प्रसाद खान्थिन् । यसबाट ती बृद्धा अत्यन्त छोटो समयमानै धनधान्यले परिपूर्ण भइन् ।

उनको यो अवस्था देखेर उनका छिमेकीले उनको रीस गर्न लागिन् । हुन पनि अर्काले गरी खाएको देखेर छुद्रबुद्धि भएका जनले सदैव डाह र इर्ष्या गर्ने परिपाटि अहिले मात्र होइन त्यो समयमा पनि थियो । त्यसपछि उसले 'मेरो गाईको गोवर लगेर घर पोतेर लिपेर यो बूढि धनाढ्य भइ । म यसलाई गोवरै लान बन्द गर्छु' भनेर गाईलाई घर भित्र बाँध्न थाली ।

जव रविवार आयो ती वृद्धाले गोवर नपाएर घर लिप्न पोत्न पाइनन् र त्यो दिन भर सूर्यको व्रतपूजा केही पनि नगरी त्यसै भोकै बसिन् । त्यस रात उनी त्यसै सुतिन् ।

रात्रीमा सूर्य भगवान्ले स्वप्नमा दर्शन दिएर किन आज तिमी चिन्तित छौ भनेर सोध्नु भयो । यत्तिकैमा उनले 'भगवान् ! आज मैले गोवर नपाएर घर लिपपोत गर्न सकिन । मेरो नियम भङ्ग भयो, यसैले चिन्तित भएँ' भनी सारा कुरा बताइन् ।

भगवान भास्कर देवले उनको यस्तो कुरा सुनेर भन्नुभयो– 'हे माता ! म तिम्रो भक्तिबाट अत्यन्त खुसी भएँ, अव म तिमीलाई एउटा गाई दिन्छु' । ती बृद्धा महिलालाई गाई प्राप्त हुने आशीष दिएर भगवान् अन्तर्ध्यान हुनु भयो ।

प्रातः कालमा उठ्ना साथ उनको आगनमा एउटा गाई देखिन् । रात्रिको स्वप्न सम्फिएर उक्त गाईलाई उचित स्थानमा राखी गाईको पूजा आराधना गरी घाँस खोले खुवाइन् । यो देखेर ईर्ष्यालु छिमेकी छक्क परी । त्यो गाईले सुनको गोवर दिन्थ्यो । त्यसपछि त्यो सुनको गोवर चोरेर उसले आफ्नो गाईको गोवर राखिदिई । तर त्यो चलाखी कुरा बृद्धाले जानिनन् ।

भगवान् सूर्यले यो कुरा बुफेर हुरी बतास चलाई दिनु भयो । त्यसका डरले उनले त्यो गाईलाई घरभित्र लगेर बाँधिन् । प्रातः कालमा गाईको स्वर्णमय गोवर उनले पाइन् र खुसी भइन् । त्यो दुष्ट छिमेकीको केही चलेन ।

फेरी त्यो दुष्टले उनको गाई चोर्ने अर्कै चाल चली । राजाको दरवारमा गएर उसले पोल लगाई दिई– 'महाराज, मेरी छिमेकी एकजना बृद्धाको घरमा एउटा यस्तो गाई छ, नित्य त्यसले सुवर्णको गोवर दिन्छ, त्यस्तो गाई यदि महाराजले आफ्नो अधीनमा ल्याएमा सम्पूर्ण प्रजाको रक्षा हुन्छ ।' यो सुनेर राजाले पनि आफ्ना सैनिक पठाई दिएर दरवारमा ल्याए । कसैले पनि यसको गोवर नउठाउनु भनि हुकुम दिए । प्रातः कालमा गएर हेर्दा त त्यो गाईले साधारण गाईले जस्तै गोवर दिएको देखे । त्यस पछि सिपाही लाएर ती बृद्धालाई राजाले पक्रिएर सोधे । त्यस वखतमा उनले पनि सम्पूर्ण इतिवृत्ति सत्य बताइदिइन् । यस्तो सत्य कुरा सुनेर राजाले अत्यन्त प्रसन्न भएर माफी मागे । तिम्रो गाई तिम्रै घर पुऱ्याई दिन्छु र तिम्री छिमेकीलाई नै दण्ड दिन्छु भने ।

यसरी आफ्नो गाई पाएर बृद्धा प्रसन्न भइन् र उनकी छिमेकीले सजाय पाई । त्यसपछि रविवारको व्रत वसेर सूर्य भगवान्को आराधना गर्ने नियम आफ्नो राज्यभरमा पनि राजाले चलाए । आफूले पनि रविवारको व्रत गरी अकण्टक राज्य चलाए ।

यस पौराणिक कथामा आधारित यस तथ्यलाई सत्य सम्फिएर जसले रविवारको व्रत पूजा गरी सूर्य देवको आराधना गर्दछ उसलाई इच्छाएको फल प्राप्ति हुनुका साथै रोगबाट मुक्ति मिल्छ । अफ विशेषगरी पुस महिना भरको रविवार बसिने व्रतको विशेष महिमा रहेको छ । अतः हामी सवैले रविवारको व्रत पूजा आराधना गरौं ।❖ (संकलनः अर्जुन लामिछाने)

भगवान् श्रीपशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्र धार्मिक तीर्थ बाहेक अन्य विविध प्रयोजनका लागि धेरै मानिसहरूको रोजाइको क्षेत्र हो । व्यापारीहरूले व्यवसायको रूपमा, वेसाहराहरूले जीवन गुजारा गर्ने, पर्यटकहरूले मनोरञ्जनको निम्ति त साधकहरूले साधनाको निम्ति यस क्षेत्रलाई उपयुक्त स्थलको रूपमा लिएको पाइन्छ । कतिपय व्यक्तिहरूको अनुभवका आधारमा यस क्षेत्रमा आएपछि उनीहरूको दिनचर्या र जीवनशैलीनै परिवर्तन हुन्छ । यस क्षेत्रमा कर्मको सिलसिलामा आएर जीवननै परिवर्तन गरेका व्यक्तिमध्ये एक 'महात्मा सुशील' पनि हुनुहुन्छ ।



महात्मा सुशील

ललितपुरको भट्टेडाँडामा बुबा कमलबहादुर सञ्जेल र आमा पार्वती सञ्जेलको कोखबाट वि.सं. २०२२ साल माघको भीष्म एकादशीको दिन जन्मनुभएका सुशीलले प्राथमिक शिक्षा अब्बल विद्यार्थीको रूपमा गाउँकै विद्यालयबाट पूरा गर्नुभएको थियो भने दरवार हाइस्कुलबाट एस.एल.सी. उतीर्ण गर्नुभयो । कुनै समय पशुपति क्षेत्र विकास कोषमा कर्मचारीको रूपमा सेवा गर्ने उहाँ 'मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमान्दारी'लाई मूल मन्त्र बनाउनु हुने स्वामी विशुद्धदेवबाट संन्यास धारण गरी 'महात्मा सुशील' बन्नुभएको हो । बाहिर हेर्दा ज्यादै सरल स्वभावका देखिने उहाँ भित्री रूपमा त्यत्तिकै दृढ र हठी पनि हुनुहुन्छ । सनातन धर्म संस्कृतिलाई असाध्यै माया गर्ने उहाँ यसको रक्षाको लागि जुनसुकै कदम उठाउन तयार हुनुपर्ने बताउनुहुन्छ । योग साधनाका अतिरिक्त तीर्थयात्रा र संगीत एवम् गायनमा रूची राख्नुहुने योगी महात्मा सुशीलसँग उहाँका जीवनका अनुभूति सहित पाशुपत योग एवम् पाशुपत क्षेत्रको विषयमा गौरी पत्रिकाका सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको सारसंक्षेप तल प्रस्तुत गरिएको छ । सं.

हरेक कर्मलाई योगमय बनाऔं

एउटा गृहस्थ व्यक्ति तपाई कसरी साधु संन्यासी बन्नुभयो ?

यहाँले भने जस्तै मेरो जन्म सामान्य किसान परिवारमा भएको हो । बाल्यावस्थाबाट नै म परमात्माको खोज गर्दथें । अध्ययनसँगै अनेक संघर्ष गर्दै यसै पशुपति क्षेत्रमा सेवा गर्ने अवसर पनि प्राप्त गरें । मैले करिव दश वर्ष जति पशुपति क्षेत्र विकास कोषमा जागिर पनि गरें । त्यो समय म गृहस्थ आश्रममा पनि प्रवेश गरिसकेको थिएँ । भनिन्छ, पूर्वजन्म या प्रारब्धका संस्कारले यस जन्ममा पनि प्रभाव पार्ने गर्दछ । सायद त्यस्तै प्रभावले म अरूभन्दा पृथक थिएँ । अरुले देख्दा जागिर खान्थें तर त्यो जागिर मेरो लागि जागिर मात्रै थिएन मूल रूपमा साधना थियो । म नित्य तीन पटकसम्म भगवान् पशुपतिनाथको दर्शन गर्दथें । हिंड्दा डुल्दा र अरूसँग बोल्दा समेत 'ॐ नमः शिवाय' को नित्य निरन्तर जप गर्दथें । त्यतिबेला म स्वामी विशुद्धदेवको चरित्र विज्ञान पुस्तक नियमित अध्ययन गर्थें र त्यसैमा दिएको निर्देशन बमोजिम योगाभ्यास र ध्यानको पनि अभ्यास गर्दथें । नियमित साधनाले ममा सकारात्मक परिवर्तन देखा पर्न थाल्यो । जसको फलस्वरूप पारिवारिक बन्धनबाट मुक्त भइ समाज र राष्ट्रको कल्याणको निम्ति केही गर्नुपर्छ भन्ने प्रेरणा प्राप्त भयो र मैले वि.सं. २०५६ सालतिर संन्यास जीवन ग्रहण गरें ।

मानिस संन्यासी किन बन्छ ?

मानिस संन्यासी मुख्यतया तीन कारणले बन्ने गर्दछन् । कोही मानिस केही गर्दा पनि आर्थिक रूपमा सफल हुन नसकेपछि अभावको कारणले योगी संन्यासी बन्छन्, कोही भने आफ्नो नजिकको या आफन्त व्यक्ति संन्यासी भएको देखेर उसैको प्रभावले संन्यासी बन्छन् भने कोही व्यक्ति जन्मसिद्ध स्वभावले नै संन्यासी या साधु बन्छन् । मलाई आफू तेश्रो कारणले संन्यासी बनेको हुँ जस्तो लाग्छ ।

मैले धर्मशास्त्रले वर्णन गर्ने चारै आश्रम भोगेको छु । कुनै कुराको अभाव वा कसैको प्रभावले मैले यो जीवन रोजेको होइन ।

एउटा गृहस्थले समाज र राष्ट्रको सेवा गर्न सक्दैन र ?

एउटा गृहस्थको आफ्नो परिवार र इष्टमित्र तथा नातेदारहरू हुन्छन् । त्यसैले योभन्दा बाहिर गएर समाज र देशको भलाइ हुने कार्य गर्न निकै कठिन हुन्छ । वर्तमान समयमा नेपालकै शासन व्यवस्थालाई हेर्नुभयो भने पनि यो कुरा प्रत्यक्ष महसुस गरिरहनुभएको छ । तर एउटा संन्यासीको निम्ति आफ्ना परिवार र इष्टमित्र भन्ने कोही हुँदैन । सबै समान हुन्छन्- वसुधैव कुटुम्वकम् । त्यसैले मैले संन्यास ग्रहण गर्ने निर्णय गरेको हुँ ।

संन्यास ग्रहण पछिको समय कसरी व्यतित हुँदैछ ?

संन्यास ग्रहण पछि मेरो अधिकांस समय साधनामा नै बितेको छ । शुरूका तीन वर्ष मैले विश्वरूप मन्दिर परिसरमा सयौं साधक साधिकाहरूलाई योगाभ्यास गराएँ । त्यसपछि साधनाको क्रममा शिवपुरी गुफामा झण्डै आठ वर्ष बिताएँ भने त्यहाँबाट पुनः पाशुपत क्षेत्रमा आइ दुई वर्ष वासुकी गुफा, एक वर्ष जति सूर्यघाटका विभिन्न गुफामा र त्यसपछि दुई वर्ष राममन्दिर (दुग्धहारी बाबाको कुटी)मा साधनारत हुँदै अहिले भने पशुपति क्षेत्र विकास कोषबाट वि.सं. २०७४ सालको महाशिवरात्रि पर्वको अवसरमा प्रदान गरिएको पशुपति दक्षिण ढोका अघिल्तिरको पञ्चदेवल सत्तलमा विश्व मानव कल्याणका निम्ति पाशुपत योगाभ्यास सञ्चालन गरेर बसेको छु । यसबीचमा मैले पूर्वीय दर्शनका धेरै पुस्तकहरू अध्ययन गर्ने अवसर पाएको छु । पुस्तक पढ्ने क्रममा मेरो रोजाइमा उपासना र साधनाको पक्षलाई जोड दिएका पुस्तकहरू बढी पर्दछन् । मैले अध्ययन गरेका वेद र उपनिषद्का विषयहरूलाई एकीकृत गरी पाशुपत योगको पुस्तक पनि प्रकाशन गरेको छु । यसका साथै साधनापथमा बढी उपयोगी सिद्ध हुने ईश्वर गीता, अक्षमालिकोपनिषद्, लाङ्गूलोपनिषद्, पाशुपतयोगीवाणी लगायतका पुस्तकको पनि अनुवाद र लेखन गरी प्रकाशनमा ल्याएको छु ।

पाशुपत योग भनेको के हो ? यो अरू योगभन्दा के फरक छ ?

चित्तवृत्तिलाई निरोध गर्दै परमेश्वरमा एकचित्त हुनु नै योग हो । यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिलाई पाशुपत अष्टाङ्गयोग भनिन्छ । अष्टाङ्गयोगको अभ्यास गर्ने व्यक्ति अनेक जन्मको संस्कारबाट यसै जन्ममा सिद्ध भएर पापबाट मुक्त भई परमगति प्राप्त गर्छ । पाशुपत योग वेदमा आधारित योग हो । पाशुपत योग सम्पूर्ण वेदान्तको सार हो । अरू सबै योग वेदमा आधारित छैनन् । वेदवाह्य योगबाट आत्म दर्शन हुँदैन । अति संक्षिप्तमा भन्ने हो भने जीवात्मा र परमात्माको मिलन हुनुलाई नै पाशुपत योग भनिन्छ ।

साधनाको निम्ति पाशुपत क्षेत्रलाई नै रोज्नुभयो, किन ?

हिमवत्खण्डबाटै योग साधनाको शुरूवात भई संसारभर फैलिएको छ । हिववत्खण्ड भन्नाले पूर्वमा ब्रह्मपुत्र नदी, पश्चिममा हिन्दकुश, उत्तरमा कैलाश मानसरोवर हिमालय र दक्षिणमा गंगासागर सम्मको भूभागलाई जनाउँछ । तर पनि आदिकालमा भगवान् शिवले पार्वतीलाई सिकाउनु भएको योग पाशुपत योग नै थियो । चार वेद र १८ पुराणमा पाशुपत योगको वर्णन रहेको छ । भगवान् शिवको क्रिडा स्थल र माता पार्वतीको तपस्थली पनि यसै पाशुपत क्षेत्रमा रहेकोले मैले पाशुपत योगको साधना गर्न र गराउन यसै क्षेत्रलाई रोजेको हुँ ।

पाशुपत योगको अभ्यास किन गर्ने ?

आत्मज्ञान प्राप्तिका लागि पुण्य देशमा योग साधना गर्नुपर्छ । साधनाबाट ज्ञान पाइन्छ । ज्ञानको वशमा मन वशिभूत हुन्छ । मन वशमा भएपछि आत्म प्राप्ति (आत्म साक्षात्कार) हुन्छ । आत्म साक्षात्कार भएपछि नाशवान संसारबाट मुक्ति पाइने भएकोले पाशुपत योगको अभ्यास आवश्यक छ ।

एउटा फरक प्रसंग लामो समयदेखि पशुपति क्षेत्रमा रहँदै आउनुभएको छ, पशुपति क्षेत्र विकास कोषको कार्यलाई कसरी हेनुभएको छ ?

विश्वका समस्त हिन्दुहरूका परम आस्थाको केन्द्र श्रीपशुपतिनाथको मन्दिर र वरिपरि रहेका देवालय र शिवालयका यथोचित सदुपयोग हुनु पर्ने कुरामा कसैका दुई मत हुदैन ।

पाशुपत क्षेत्र यूनेस्को (UNESCO) को विश्व सम्पदा (World heritage) को सूचिमा समावेश गरेको अति महत्त्वपूर्ण विश्व कै पवित्र महातीर्थ स्थल हो । यस पावन क्षेत्रमा प्रत्येक दिन विहानदेखि साँझसम्म हजारौँ–

हजार पवित्र भक्तजनहरू आ-आफ्नो श्रद्वा, विवेक अनुसार साधना र आराधाना गरी जीवलाई पाशबाट मुक्त गरी पशुपति बन्दछन् । जीवको मोक्ष श्रीपशुपतिनाथको योगक्षेमबाट प्राप्त हुन्छ । त्यसकारण सम्पूर्ण नेपाल र नेपालीका आराध्यदेव श्रीपशुपतिनाथ हुनुहुन्छ । उहाँलाई कोटिकोटि नमन-वन्दन छ ।

यस मोक्ष क्षेत्रमा प्रत्येक दिन हजारौँ-हजार संख्यामा अनेकाअनेक देशका पर्यटकहरूका आवागमन भइरहेको छ । ती पर्यटकहरूले पाशुपत क्षेत्र भित्र भइरहेको विभिन्न क्रियाकलापहरूका फोटो-भिडियो खिची आफ्नो देशमा लगी नेपालको प्रचार-प्रसारण गर्दछन् ।

यस क्षेत्रको विकासका लागि पशुपति क्षेत्र विकास कोषबाट विभिन्न कार्यक्रम र योजनाहरू गरेको देखिन्छ । कोषको स्थापना भएपछि यस क्षेत्रमा धेरै सुधारका कामहरू पनि भएका छन् । तर पनि यस क्षेत्र भित्र राष्ट्रको प्रतिष्ठामा आच आउने अवस्थाहरू पनि यहाँ विद्यमान रहेका देखिन्छ । यस क्षेत्रमा तत्काल सुधार गर्नुपर्ने केही विषयहरू छन् । जस्तै,

१. यस क्षेत्रमा कतिपय मगन्तेहरू दिनमा माग्ने र रातमा लुट्ने-चोर्ने कार्य गर्दछन् । कोही सधैं नसालु पदार्थ सेवन गर्ने वाला छन् । सज्जनसँग झगडा र पिट्ने- लुट्ने गर्छन् । यी मध्येमा पाकेटमार पनि छन् । यिनीहरूको पहिचान र नियन्त्रण गरिनु जरूरी छ ।

२. दृष्टिविहीनहरूले ठुलो-ठुलो आवजमा अनावश्यक गीतहरू बजाएर माग्दछन् । ध्वनी प्रदूषणले यस क्षेत्रको शान्तिलाई भङ्ग गरेको छ । यो शान्ति क्षेत्र पाशुपतको लागि हानिकारक छ । उनीहरूलाई यथोचित व्यवस्थापन गरियोस् ।

३. यस क्षेत्रका साना र ठुला व्यापारीहरूले भक्तहरूका हात तान्ने र बोलाउने गर्नुका साथै अनुचित ढङ्गबाट सामग्री बिक्रि गरी ग्रहकलाई ठगी गरेका छन् । अनधिकृत जग्गामा छाप्रो टहरा हटाई उपयुक्त स्थानमा पशुपति क्षेत्रको मापदण्ड अनुरूपको पसल कवल निर्माण गरी उनीहरूलाई व्यवस्थित गर्नुपर्दछ ।

४. यस क्षेत्रमा कुष्ठरोगीहरू साथै विभिन्न रोगका संक्रमण भएका व्यक्तिहरू पनि माग्न बसेको देखिन्छ, जसबाट स्वस्थ मानिसलाई समेत रोग सर्न सक्छ । उनीहरूलाई व्यवस्थित गरिनु जरूरी छ ।

५. पाशुपत क्षेत्रको गहनाको रूपमा मानिने साधु-सन्त आजको अवस्थामा प्रायः चुरोट, गाँजा, मदिरा, झैझगडा, सन्किपन, पागलपन, चिम्टा, त्रिशूल, भेषभूषा विपरीत कार्य गरेर यो क्षेत्रको महिमा मा ठुलो बाधा-अवरोध खडा गरेका छन् । तिनीहरूलाई यस क्षेत्रबाट विस्थापित गरिनुपर्दछ । तिनीहरूले डर-त्रास देखाएर माग्ने कार्य पनि गर्छन् ।

६. यस क्षेत्रमा नक्कली पण्डित धेरै छन् । पण्डित्याइँ र ज्योतिषको रूपमा सिधा-साधालाई ठग्छन् र आफू पनि अध्याँरोमा र अरूलाई पनि अध्याँरोमा पार्छन् । योग्यता र क्षमता भएका व्यक्तिहरूलाई पहिचान गरी अन्यलाई विस्थापित गरिनु पर्दछ ।

७. श्रीराम मन्दिर परिसरका सत्तल तत्काल पुनर्निर्माण गरि नुपर्दछ ।

८. यो पावन क्षेत्रको सूर्यघाट र मृगस्थली क्षेत्र विशेष तपः स्थल हो । कहिलेकाहीँ यस क्षेत्रमा नीच कुलका युवायुवती खुल्लारूपमा अनुचित कार्य गरेको देखिन्छ ।

९. पशुपतिनाथको मन्दिरसँगै रहेको पञ्चदेवदको उत्तरतर्फको बरण्डा (सत्तलमा) मा पाशुपत योग आश्रमको वोर्ड रहेको छ । त्यस सत्तलमा भने विभिन्न प्रकारका मानव छन् । कुनै नाङ्गै, कुनै गाँजा-चुरोट निरन्तर तान्ने, कुनै बौलाहा कुनै पागल, झगडालु केटाहरू पनि त्यहाँ रहेका छन् । सत्तलमा र विशेष मूल ढोकामा फुटेका पुराना भाँडाकुडाँ अनावश्यक सामानले त्यस क्षेत्रलाई अध्याँरो बनाएको छ । त्यो सुन्दर बरण्डामा विचित्रका पर्दाहरू झुण्ड्याइएको छ । सत्तलमा सुत्ने ती विचरा गरिबको बेहाल छ ।

६४ लिङ्गहरू मध्ये यहाँ कोटेश्वर महालिङ्ग रहेको ठाउँमा विकास कोषले सँगै शौचालय राखिदिएर पशुपति क्षेत्रलाई नै दुर्गन्धित बनाएको छ । समयको गतिसँगै पशुपति क्षेत्रमा निकै सुधार भएका छन् । केही वर्षको अन्तरालमा पशुपति आएका भक्तजनले यहाँ भएको परिवर्तन प्रत्यक्ष रूपमा अनुभूति गर्ने अवस्था भएको पनि छ ।

अन्त्यमा गौरीमार्फत भन्नै पर्ने केही छ कि ?

मानिसले लौकिक जीवन मात्र होइन पारलौकिक जीवन पनि सफल बनाउनु पर्दछ । त्यसैले भोग मात्र होइन योग पनि गर्नुपर्दछ । जीवनका हरेक कर्मलाई योगमय बनाउनु पर्दछ । साधनामा सफल हुन निरन्तरता हुनु जरूरी छ, चाहे साधना योग, ध्यान या मन्त्रजप जे सुकै किन नहोस् ।❖

प्रार्थना-रहस्य

प्रार्थना कसरी गर्नुपर्छ

-श्री महेन्द्रनाथ गुप्त 'श्रीम'

कीर्तन भएपछि श्रीरामकृष्णले विजय, नरेन्द्र तथा अरूहरू भक्तसँग आसन ग्रहण गर्नुभयो । सबैको दृष्टि श्रीरामकृणमा नै टिकेको छ । साँझ पर्न अझ केही समय छ । श्रीरामकृष्ण भक्तहरूसँग कुराकानी गर्न लाग्नुभयो । उनीहरूको कुशल मंगल सोध्नुहुन्छ । अत्यन्तै मृदु तथा मधुर आवाजमा केदार श्रीरामकृष्णलाई हात जोडेर विनीत भावमा निवेदन गर्छन् । नजिकै छन्- नरेन्द्र, चुनी, सुरेन्द्र, राम, मास्टर र हरीश ।

केदार(श्रीरामकृष्णसँग विनयपूर्वक)- शिर रिंगाउने कसरी निको होला ?

श्रीरामकृष्ण(स्नेहपूर्वक)-यस्तो हुन्छ, मलाई पनि भएको थियो । अलिकति बदामको तेल शिरमा लगाएर मालिस गर्ने गर्नुहोस् । सुनेको छु, यसरी यो बिमारी निको हुन जान्छ ।

केदार- जो आज्ञा ।

श्रीरामकृष्ण (चुन्नीसँग)- के छ ? तिमीहरू सबैलाई सन्चो छ ?

चुनी- हजुर यस बेला त सबै कुशल नै छ, वृन्दावनमा बलराम बाबू र राखाल पनि सन्चै छन् ।

श्रीरामकृष्ण- तिमीले त्यति धेरै मिठाई किन पठाएको ?

चुनी- हजुर वृन्दावनबाट आइरहेको छु ।

चुनीलाल वृन्दावन बलरामका साथमा गएका थिए । र धेरै महिनासम्म त्यहीँ बसेका थिए । छुट्टी सकिन लागेको थियो । यसैले अब कलकत्ता फर्किएका छन् ।

श्रीरामकृष्ण (हरीशासँग)- तँ एक दुई दिनपछि जानू । अहिले बिरामीको अवस्था छ । गएपछि त्यहाँ फेरि बिरामी पर्लास् ।

(नारायणलाई स्नेहपूर्वक)- "बस, आज मसँग आएर बस । भोलि जानू र त्यहीँ खाना खानू । (मास्टरतर्फ देखाएर) यिनैको साथमा जानू ।

(मास्टरसँग)- हुन्न ?

मास्टरको इच्छा थियो उनी उसै दिन श्रीरामकृष्णसँग दक्षिणेश्वर जाउन् । त्यसैले उनी सोच्न लागे । सुरेन्द्र धेरै बेरसम्म थिए । विचमा एकै चोटि घर गएका थिए । घरबाट फर्किएपछि श्रीरामकृष्णका नजिक उभिए ।

सुरेन्द्र कारण (रक्सी) पिउँछन् । पहिले निकै नम्वर बढे चढेको थियो । सुरेन्द्रको हालत देखेर श्रीरामकृष्णलाई चिन्ता परेको थियो । पिउन बिलकुलै छोडिदिनको लागि भन्नुभएन । उहाँले भन्नुभयो, "सुरेन्द्र हेर पिउनु छ भने श्रीदेवीमा निवेदन गरी पिउनू र त्यति पिउनू कि न खुट्टा बटारियोस् न टाउको घुमोस् । उहाँको चिन्तन गर्दा गर्दै फेरि तिमीलाई पिउन बिलकुलै मन लाग्ने छैन । उहाँ स्वयं कारणानन्ददायिनी हुनुहुन्छ । उहाँलाई पाएपछि पछि सहजानन्द हुन्छ ।"

सुरेन्द्र नजिकै उभिएका छन् । श्रीरामकृष्णले उनीतिर दृष्टि गरेर भन्नुभयो, "तिमीले आज कारण पिएका छौ ।" यति भनेर नै उहाँ भावमा तन्मय हुनुभयो ।

साँझ पऱ्यो । केही बहिर्मुख भएर श्रीरामकृष्ण माताको नाम लिएर आनन्दपूर्वक गाउन लाग्नुभयो । बीच-बीचमा ताली बजाउनु हुन्छ । सुर चढाएर भन्नुहुन्छ- ' हरिबोल । हरिबोल । हरिबोल । हरिबोल । हरिबोल । हरि, हरि, हरिबोल ।' फेरि भन्न लाग्नुभयो 'राम, राम, राम, राम, राम, राम, राम, राम, राम, राम ।'

श्रीरामकृष्ण अब प्रार्थना गर्नुहुन्छ- हे राम ! हे राम !

म भजनहीन हुँ, साधनहीन हुँ, ज्ञानहीन हुँ, भक्तिहीन हुँ, क्रियाहीन हुँ । राम ! शरणागत छु । म देहसुख चाहन्नँ । अष्टसिद्धि त के शतसिद्धि पनि चाहन्नँ । म शरणागत छु । शरणागत । मात्र यही गरिदिनुहोस् जसले हजुरका पादपद्महरूमा मेरो शुद्ध भक्ति होस् र हजुरका भवनमोहिनी मायामा म मुग्ध नहोऊँ । हे राम ! शरणागत छु ।

श्रीरामकृष्ण प्राथना गर्नुहुन्छ र सबैजना एक टक लगाएर हेरिरहेका छन् । उहाँको करूणापूर्वक स्वर सुनेर भक्तहरू आँसु थाम्न सक्दैनन् । श्रीयुत राम नजिकै आएर उभिएका छन् ।

श्रीरामकृष्ण (रामप्रति)– राम, अहिलेसम्म तिमी कहाँ थियौ ?

राम– हजुर, माथि थिएँ ।

श्रीरामकृष्ण तथा भक्तहरूको सेवाको प्रबन्धको लागि राम माथि गएका थिए ।

श्रीरामकृष्ण (रामसँग सहास्य)– माथि बस्नुभन्दा तल बस्नु के ठीक होइन र ? होचो जमिनमा पानी अड्छ । अग्लो ठाउँमा पानी बगेर जान्छ ।

राम (हाँस्दै) - हो, हजुर ।

कौसीमा भोजनका लागि टपरीहरू राखिए । श्रीरामकृष्ण एवम् भक्तहरूलाई लिएर राम माथि गए र आनन्दपूर्वक भोजन गराए । उत्सव भएपछि श्रीरामकृष्ण निरंजन, मास्टर आदि भक्तहरूलाई सँगै लिएर अधरकहाँ आउनुभयो ।

आज महाष्टमी हो । अधरको विशेष प्रार्थना पनि छ । श्रीरामकृष्ण उपस्थित हुनुहोस् जसबाट उनले गर्ने पूजा सार्थक होओस् ।

परिच्छेद ९४

मातृभावले साधना

ईश्वरकोटिको विश्वास स्वयंसिद्ध

आज नवमी पूजा छ । २९ सेप्टेम्बर १८८४ ई. । भर्खरै उज्यालो भएको छ । श्रीकालीको मंगल आरती भएको छ । नौबतखानामा रोशनचोकबाट मधुर प्रभाती राग बज्दैछ । ब्राह्मणदेव हातमा फूलढक्की लिएर पूजार्थ फूल टिप्न आइरहेका छन् । उता माली पनि देवमन्दिरहरूमा फूल माला चढाउने उद्देश्यले पुष्प चयन गर्न निस्केका छन् ।

आज माताको बिशेष पूजा हुनेछ । श्रीरामकृष्ण उषाको लाली छाउनुभन्दा पहिले नै उठ्नुभएको छ । भवनाथ, निरंजन र मास्टर हिजो रातिदेखि यहीँ छन् । उनीहरू श्रीरामकृष्णको कोठासँगको बरण्डामा रातभरी सुतेका थिए । आँखा खोलेर हेर्दा त श्रीरामकृष्ण उन्मत्त भएर नृत्य गरिरहनु भएको छ र जय दुर्गा जय दुर्गा भनिरहनु भएको छ । जसरी एक जना बालक, जसको कमरमा धोती पनि छैन माताको नाम लिदै गरेर पूजा कोठामा नाचिरहेछ । एकछिनपछि भन्नुहुन्छ– सहजानन्द, सहजानन्द । यसपछि बार बार गोविन्दको नाम लिनुहुन्छ । भन्नुहुन्छ– 'प्राण हे गोविन्द ! मेरो जीवन हौ ।"

भक्तगण उठेर बसे । एकै दृष्टिले श्रीरामकृष्णको भाव हेरिरहेछन् । हाजरा पनि कालीमन्दिरमा छन् । श्रीरामकृष्णको कोठाको दक्षिणपूर्वीपट्टिको बरण्डामा उनको आसन छ । लाटु पनि छन् र श्रीरामकृष्णको सेवा गर्दछन् । राखाल यस समय वृन्दावनमा छन् । नरेन्द्र कहिले काहीँ दर्शन गर्नका लागि आउँछन् । आज आउनेछन् ।

श्रीरामकृष्णको कोठाको उत्तरपूर्वी बरण्डामा भक्तगणहरू सुतेका छन् । जाडोको बेला छ त्यसैले टाटको पर्दा टांगिएको छ । सबैले हातमुख धोइसकेपछि यो उत्तरपट्टिको बरण्डामा श्रीरामकृष्ण एउटा चटाइमा आएर बस्नुभयो । अरू भक्तहरू पनि कहिले कहिले यहाँ आएर बस्तछन् ।

श्रीरामकृष्ण– (भवनाथसँग) कुरा यो हो जो जीवकोटिका हुन् तिनलाई सहजै विश्वास हुँदैन । ईश्वरकोटिका जो हुन् तिनको विश्वास स्वतः सिद्ध हुन्छ । प्रह्लाद 'क' लेख्न सिक्दैमा हिँक्क हिँक्क रोएका थिए । उनलाई कृष्णको संझना भएको थियो । जीवको स्वभाव नै हो । उसको बुद्धि संशयात्मक हुन्छ । उनीहरू भन्दछन् हो, यो साँचो त हो तर– "हाजरा कसै गरी पनि विश्वास गर्न चाहँदैन ब्रह्म र शक्ति, शक्ति र शक्तिमान दुवै अभेद हुन् । जब उहाँ निष्क्रिय हुनुहुन्छ तब हामी उहाँलाई ब्रह्म भन्दछौँ र जब सृष्टि स्थिति र प्रलय गर्नुहुन्छ तब उहाँलाई नै शक्ति भन्दछन् । हुनुहुन्छ उहाँ एउटै अभेद वस्तु । अग्नि भन्नासाथै दाहिका शक्तिको बोध हुन जान्छ र दाहिका शक्तिको कुरा गर्दा आगोको संझना हुन्छ । एउटालाई छोडेर अर्को सोच्ने संभावना नै छैन ।

"अनि मैले प्रार्थना गरें आमा हाजरा यहाँको मत उल्टाइदिन चाहन्छ । कि हजुरले उसलाई सम्झाई

दिनुहोस् कि यहाँबाट हटाइदिनुहोस् । त्यसको भोलिपल्ट उसले आएर भन्यो, हो, मान्दछु । अनि भन्यो विभु रूपमा उहाँ सबै ठाउँमा हुनुहुन्छ ।

भवनाथ (हाँसेर)– हाजराको त्यही कुरामा हजुरलाई यत्रो दुःख लागेको ? श्रीरामकृष्ण– मेरो अवस्था बदलिएको छ । अब मानिसहरूसँग वाद विवाद गर्न सक्दिनँ । यस बेला मेरो यस्तो अवस्था छैन हाजरासँग तर्क र झगडा गरूँ ।

यदुमल्लिकको बगैँचामा हृदयले भन्यो– मामा, के मलाई राख्ने इच्छा हजुरको छैन ?

मैले भनेँ– होइन, अब मेरो त्यस्तो अवस्था छैन कि म तँसँग चिच्याइराखूँ । 'ज्ञान र अज्ञान कसलाई भन्छन् ? जबसम्म ईश्वर पर छन् जस्तो लाग्छ तबसम्म अज्ञान हो र जब यो बोध हुन्छ ईश्वर यहाँ उहाँ तथा सर्वत्र हुनुहुन्छ, तब ज्ञान हो ।

'जब यथार्थ ज्ञान हुन्छ, तब सबै वस्तुहरू चेतन लाग्दछ । म शिबूसँग खुब मिलजुल गर्थें, त्यसबेला शिबू सानो बच्चो थियो । चार पाँच बर्षको होला । त्यस बेलामा देशमा (कामार पुकुरमा) थिएँ । बादल लागेको थियो र छिन छिनमा मेघ गर्जना भइरहेको थियो । शिबू मसँग भन्थ्यो– काका हेर त चकमक पत्थर घोटिइरहेछ ।

(सबै हाँस्छन् ।) एक दिन देखेँ ऊ एक्लै एउटा पुतली समात्न जाँदै थियो । यता उताका बोट हल्लिन्थे । तब ऊ पातहरूलाई भन्दथ्यो चुप-चुप म पुतली समात्दै छु । बालक सबथोकलाई चेतनामय देखिरहेछ । सरल विश्वास, जबसम्म बालकको जस्तो विश्वास हुँदैन, तबसम्म ईश्वर भेटिदैनन् ।

आह, मेरो कस्तो अवस्था थियो ! एकदिन झाडीमा के किराले टोकिदियो, मलाई ज्यादै डर लाग्यो, ठानो कतै सर्पले नटोकेको होस् । अब के गर्ने मैले सुनेको थिए यदि त्यसले फेरि आएर टोकिदियो भने विष उत्रिन्छ रे । बस म त्यहीँ बसेर दुलो छ कि भनेर खोज्न थाले त्यसैले फेरि टोकिदिओस् भनेर ।

यसै गरी बसेको थिएँ एक जनाले आएर तपाईँ के गरिरहनु भएको भनेर सोध्यो मैले भनेँ सर्पको दुलो खोजिरहेछु । उसले सबै कुरा सुनेर भन्यो ठीक त्यही ठाउँमा टोक्यो भने पो विष उत्रन्छ । म उठेर आएँ, शायद गोब्रे किरो या कुनै किरोले टोकिदिएको थियो ।

"एक अर्को दिन मैले रामलालबाट सुनेँ शरदकालको शीत जीउमा लगाउँदा राम्रो हुन्छ । के एउटा श्लोक पनि रामलालले भनेको थियो । कलकत्ताबाट जाँदाखेरि गाडीको झ्यालबाट टाउको निकालेर गएँ खुब शीत परोस् भनेर, अनि भोलिपल्ट नै बिरामी परें । (सबै जना हाँस्छन्)

अब श्रीरामकृष्ण कोठाभित्र गएर बस्नुभयो । उहाँका पाउ केही फुलेका थिए । उहाँले भक्तहरूलाई हात लगाएर हेर्न भन्नुभयो कतै औंलाले थिच्दा खेरि खोविल्टो पर्छ कि पर्दैन भनेर । अलि अलि खाल्टो परेको थियो तर उनीहरूले भने यो केही पनि हैन, केही भएको छैन ।

श्रीरामकृष्ण (भवनाथसँग)– सींतीको महेन्द्रलाई बोलाएर ल्याऊ । उसले भनेपछि मेरो मन ठीक हुनेछ ।

भवनाथ– (सहास्य) हजुर औषधीमूलोमा धेरै विश्वास गर्नुहुन्छ, हामी त्यति गर्दैनौं ।

श्रीरामकृष्ण– औषधी पनि उहाँकै हो । एक रूपमा उहाँ नै चिकित्सक हुनुहुन्छ । गंगाप्रसादले भन्यो, तपाईं राति पानी पिउने नगर्नुहोस् । म उसका कुरालाई वेदवाक्यसरी समातिरहेछु । म मान्दछु ऊ साक्षात् धन्वन्तरि नै हो ।क्रमशः

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

एवंविधे ज्ञानमये सुखात्मके
कथं भवो दुःखमयः प्रतीयते ।
अज्ञानतोऽध्यासवशात् प्रकाशते
ज्ञाने विलीयेत विरोधतः क्षणात् ॥ **(श्रीरामगीता ३६)**

ज्ञानमय, सुखस्वरूप आत्मामा यो दुःखमय संसार कसरी प्रतीत भइरहेको छ ? संसार त आत्माको अज्ञानको परिणाम हो । अज्ञानको नाश त ज्ञानले मात्र गर्दछ । अज्ञान नष्ट भयो कि अज्ञानकै कार्य यो दुःखैदुःखले भरिएको संसार पनि नष्ट हुन्छ । अर्थात् संसारप्रतिको सत्यता बुद्धि रहँदैन ।

योगी युञ्जीत सतत–मात्मानं रहसि स्थितः ।
एकाकी यत–चित्तात्मा निराशीरपरिग्रहः ।१०।

मन र इन्द्रियसहित शरीरलाई वशमा राख्ने, आशारहित र सङ्ग्रहरहित योगी एक्लै एकान्तस्थानमा स्थिर भएर आत्मालाई निरन्तर परमात्मामा लगाओस् ।

गाईको महिमा

-विष्णुप्रसाद देवकोटा

गच्छति कल्याणं प्राप्नोति, कल्याणं प्रापयति वा गौः । **गाईको सेवाबाट मानिसले अनन्त कल्याण र लाभ प्राप्त गर्ने भएकाले सँस्कृतवाङ्मयमा गाईलाई गौः भनिएको हो। भौतिकरूपमा पनि दूध, मूत्र र गोबर दिने भएकाले गाई हाम्रा लागि महत्त्वपूर्ण, पूजनीय र सेवनीय पशु हो । गाईका शरीरमा तेत्तीसकोटि या तेत्तीस प्रकारका देवताहरू बस्दछन् भन्ने हाम्रा शास्त्रहरू भन्दछन् र हाम्रो जनविश्वास पनि त्यही छ । कामधेनु गाईहरूकी प्रतिनिधि गाई हुन् । कामधेनु र उनका प्रतिनिधि गाईहरूले हाम्रा कामनाहरू पूरा गर्दछन् । भारद्वाज गोत्रीय देवकोटा आदि थरका द्विजहरूको एक कुलदेवता कामधेनु हुन् र यसै कारण गाई कुलदेवता हुन् ।**

वेदहरू र पुराणहरूमा गाईको महत्त्व प्रशस्त छ । ऋग्वेदमा भनिएको छ- गौर्मे माता ऋषभः पिता मे दिवं शर्म, जगती मे प्रतिष्ठा। **गौ मेरी (हाम्री) आमा हुन् र गोरू मेरा (हाम्रा) पिता (रक्षक) हुन्, तिनले मलाई स्वर्ग र यस संसारमा कल्याण दिऊन् । ती मेरा कल्याणका प्रतिष्ठापक बनून् । पुराणमा भनिएको छ-** गोभ्यो यज्ञाः प्रवर्तन्ते गोभ्यो देवाः समुत्थिताः।

गोभ्यो वेदाःसमुद्गीर्णाःसषडङ्गपदक्रमाः ॥

गाईहरूबाट यज्ञहरू सम्भव हुन्छन् । गाईबाट नै देवताको प्रादुर्भाव भएको हो । षडङ्ग, पद र क्रमको व्यवस्था भएका वेदहरूको प्रादुर्भाव पनि गाईबाट नै भएको हो । गाईहरूको सिङको फेदमा ब्रह्मा र विष्णु नित्य वास गर्दछन् र गाईहरूका सिङको टुप्पामा सबै तीर्थहरू, स्थावरहरू र चल वा जङ्गम प्राणीहरू बस्दछन्-

श्रृङ्गमूले गवां नित्यं ब्रह्मविष्णू समाश्रितौ ।

श्रृङ्गाग्रे सर्वतीर्थानि स्थावराणि चराणि च ॥

अन्यत्र पुराणमा नै लेखिएको छ-

शिरोमध्ये महादेवः सर्वभूतमयः स्थितः ।

गवामङ्गेषु तिष्ठन्ति भुवनानि चतुर्दश ॥

अर्थात् गाईका शिरमा सर्वभूतमय महादेव शिवको वास हुन्छ र गाईका शरीर र अन्य अङ्गहरूमा चौध भुवनहरू टिकेका छन् । अन्यत्र भनिएको छ-

गावःस्वर्गस्य सोपानं गावःस्वर्गेऽपि पूजिताः ।

गावः कामदुहो देव्यो नान्यत् किञ्चित् परं स्मृतम् ॥

गाईहरू स्वर्ग र वैकुण्ठका सिढीहरू हुन् । त्यस्ता गाईहरू स्वर्गमा पनि पुजित हुन्छन् । गाईहरू सबै कामना र इच्छाका पूरक हुन् । गाई भन्दा अतिरिक्त वस्तुको महत्त्व छैन वा अत्यन्त कम महत्त्व हुनेगर्दछ । यस अतिरिक्त यजुर्वेद(१/१)मा लेखिएको छ-



देवो वः सविता प्रापयतु श्रेष्ठतमाय कर्मणे ।

अर्थात् सवितास्वरूप गाईले तिमीहरू र हामीबाट पनि श्रेष्ठ र लोकहितकारी कर्म गराऊन् । हाम्रो सनातन सँस्कृतिमा गाईको ठूलो महत्त्व भएकोले नै प्राचीन समयदेखि नै भोजन पाकिसकेपछि पहिले गोग्रास छुट्याइने चलन रहेको हो ।❖

- कलंकी

ओझेलमा परेको तीर्थस्थल :

पञ्चधुरा माईस्थान

– हरिप्रसाद तिमल्सिना

पृष्ठभूमि

माईस्थान भन्ने बित्तिकै भगवती देवीको स्वरूप तथा महिला (स्त्री) को रूप मानस पटलमा आउने गर्दछ । पौराणिक धार्मिक ग्रन्थहरूमा देवीको महिमाको चर्चाहरू छन् । स्वस्थानी व्रतकथामा स्वस्थानी माता, दुर्गा सप्तीमा दुर्गा भगवतीको महिमाको गाथा लेखिएको छ । प्राचीन कालमा देवी, देवता दुबैको समान रूपमा चर्चा गरेको पाइन्छ । देवीहरूले बेलाबेलामा पृथ्वीको कल्याण गर्नका लागि दानवहरूको नाश गरी संसारको कल्याण गरेको कथा धार्मिक ग्रन्थहरूमा पाइन्छ । भगवती देवीहरूको वाहनको रूपमा सिंह (शेर) वा बाघलाई लिइएको छ । देवीहरू धेरै हात भएको र कुनै हातमा त्रिशुल र तलबार रहेको, कुनैमा गदा र भाला रहेको वर्णन छ । शास्त्रमा वर्णित यिनै विविध देवी मध्ये पञ्चधुरा माईस्थान देवी पनि एक हुन् ।

भौगोलिक अवस्थिति

नेपालका ७ प्रदेशहरू मध्ये 'मधेश प्रदेश' अन्तरगतको महोत्तरी जिल्लाको उत्तरी क्षेत्रको वर्दिवास नगरपालिका वडा नम्बर ४ मा यस पञ्चधुरा माईस्थानको मन्दिर छ । चुरे पर्वतमालाको शुरूमै नगरपालिका बिच स्थानमा राजमार्गसँगै रहेको यो तीर्थस्थल यस नगरको मुख्य पर्यटकीय स्थल पनि हो । नगरपालिकामा गाभिनु पहिले यो स्थान तत्कालीन माईस्थान गाउँ विकास समितिमा पर्दथ्यो ।

यस स्थानमा पुग्नका लागि वर्दिवास चोकदेखि ३ किलोमिटर पश्चिम तथा राजमार्गबाट १ किलोमिटर उत्तरतर्फ तथा सर्लाही-महोत्तरी जिल्लाको सीमा नदी बाँकेबाट १२ किलोमिटर पूर्वतर्फ लागि १ किलोमिटर उत्तरतर्फ लाग्नु पर्दछ । यस पवित्र तीर्थ स्थल चुरेपर्वत श्रृङ्खलाको काखमा अवस्थित छ ।

इतिहास/किम्वदन्ती

जब पृथ्वी लोकमा दानवहरूको वर्चस्व कायम भयो, उनीहरूको हालीमुहाली चल्न थाल्यो तब तिनीहरूले शक्तिको उन्मादमा अत्याचार गर्न लागे । दानवहरूको अत्याचारबाट पीडित प्रजाहरू मिलेर भगवान्को स्तुति गर्न थाले । देवताहरूसँग बचाउन, गुहार माग्न थाले । देवताहरूले पनि पृथ्वीमा कल्याण गर्न र राक्षसबाट प्रजालाई मुक्ति दिलाउन शक्ति र सहयोगका लागि देवीको आराधना गरे । देवीले पनि राक्षसको संहार गरी प्रजाको कल्याण गरिन् ।

यसै समयको सेरोफेरोमा देवी भगवतीका बहिनीहरू दानवहरूमाथिको विजयको हर्ष उल्लास मनाउन र प्राकृतिक आनन्दमा रम्न बाघको सवार गरेर पृथ्वीको भ्रमण गर्दै यस माईस्थान परिसरमा आइपुगेछन् । त्यहाँ पुग्दा रात परेकोले त्यही वास बस्ने निधो गरेछन् र वास बस्नका लागि आवश्यक सामान जुटाएछन् । सबैथोक सामान जुटाए पनि पानीको अभाव भएपछि भगवती देवीले त्रिशुलले हानेर पाँच ठाउँमा प्वाल पारी पानी निकालिछिन् । देवीले यसरी पानी निकालेका यी पाँच प्वालका नामबाट यस स्थानको नामाकरण 'पञ्चधुरा माईस्थान' भएको किम्बदन्ती पाइन्छ । आज पनि उक्त स्थानहरूबाट पानी आइरहेको प्रत्यक्ष देख्न सकिन्छ ।

अर्को किम्बदन्ती अनुसार, राणा प्रधानमन्त्री जंगबहादुर राणा राज्यसत्ता लिइसकेपछि मनोरञ्जन तथा शिकार खेल्न तराईको जंगलमा निस्केका वखत यस स्थानमा आइपुगेका थिए । यहाँ आइपुग्दा रात परेकाले

यही स्थानमा वास बस्न खोजेछन् । तर जंगबहादुरका सुसारे, भान्छे तथा सहयोगीहरूले त्यहाँ बास बस्न उपयुक्त नहुने भन्दै विन्ती बिसाएछन् । 'महाराजा ! यो त भगवती देवीको साक्षात वासस्थान हो । यो पवित्र स्थानमा बास बस्ने, खाना बनाउने, जुठो फाल्ने जस्ता अपवित्र कार्य गर्नुहुँदैन' भनी अनुरोध गरे पनि त्यस कुरालाई वेवास्ता गरी जंगबहादुर बास बसेछन् ।

भोलिपल्ट फर्कने क्रममा त्यस स्थानको पवित्रतालाई वेवास्ता गरी त्यहाँ हात्तीको खुट्टाले पुरी, पाँच पानीको मुहानलाई समेत पुरिने गरी साथै पाँच धुर जमिन समेत भाँसिने गरी आफू सवार हात्तीबाट कुल्च्याई त्यहाँबाट पथ्थरघट्टा भन्ने स्थानतर्फ लागेछन् । यहाँको पाँचधुर जमिन समेत भताभुङ्ग पारेकाले त्यस स्थानलाई पञ्चधुरा नामाकरण गरिएको किम्बदन्ती छ । यसरी भगवतीलाई अनादर गरेकोले जंगबहादुर फर्कने क्रममा भगवतीको वाहन वाघले पछाडिबाट पिठ्युमा चिथोरी घायल बनाइदिएको थियो । पछि त्यही घाउ फैलिएर बढ्दै गई थलिएर जंगबहादुर राणाको रौतहटको पथथरघट्टामा मृत्यु भएको इतिहास पनि छ ।

पञ्चधुरा माईस्थानको स्वरूप र मन्दिर निर्माण

धेरै लामो समयसम्म यस स्थानले संरचना र संस्थागत रूप लिन सकेन । तर, मानिसहरूको मानसपटलमा यस स्थानको महत्त्व र गरिमा भने गढिएर

रहन गयो । श्रद्धालुहरू पाँच स्थानबाट पानी निस्केको भूमि परिसरलाई पवित्र स्थल ठानी त्यहाँ पूजा अर्चना गर्ने, फलफूल भेटी चढाउने, त्यहाँ आई आफ्नो मनोकामना पुरा होस् भनी भाकल गर्ने गर्दथे ।

यहाँ धार्मिक आस्था बढ्दै गएपछि विक्रम सम्वत २००१ सालतिर सानो मन्दिर बन्यो । पछि त्यहाँ पिपलको रूख उम्रेर मन्दिर चिराचिरा भई जीर्ण हुन पुग्यो । यस पवित्र स्थलमा एउटा राम्रो र दिगो मन्दिरको निर्माणका लागि सबै जागरूक भए । विक्रम सम्वत २०३८ सालतिर आधुनिक आकार र प्रकारको मध्यम खालको मन्दिर नजिकमा स्थापित गरियो । शिखर शैलीको यो मन्दिर ढोका, दलिन र घण्टा इत्यादि सहितको थियो ।

मन्दिरको स्थापनासँगै पूजाआजाको विस्तार, तीर्थालुको वृद्धि र जनमानसमा यसको महत्त्व बढ्दै गयो । त्यसपछि क्रमशः समाजसेवी, धार्मिक व्यक्तित्वहरूले यसमा थप योगदान दिँदै गए । यस्तै योगदान स्वरूप यहाँ अन्य देवीदेवताको मन्दिरहरू क्रमश निर्माण र स्थापित हुँदै गए । जसमा शंकर भगवान्, हनुमान, लक्ष्मीनारायण, राधाकृष्ण, पार्वती, शनीदेवता, भीमसेन, शिवलिङ्ग, वसाहा इत्यादि गरी १३ वटा मन्दिर स्थापित छन् ।

यी सबै स्थापना र निर्माण गर्न समाजसेवीहरू दिलीप, प्रकाश ओझा, विजय बस्नेत, शरतसिंह भण्डारी, चौरासिया र विजय ट्राभल्सको ठुलो भूमिका रहेको छ । यस मन्दिरको अन्य व्यवस्थापन र संस्थागत विकास विक्रम सम्वत २०४८ साल यतादेखि विधिवत भएको देखिन्छ ।

धार्मिक उत्सव/मेला/धार्मिक कार्यक्रम

यस मन्दिर परिसरमा माघे सङ्क्रान्तीको दिन ठुलो मेला लाग्दछ । त्यस दिन धनुषा, सर्लाही, सिन्धुली, महोत्तरी र अन्य ठाउँका धेरै भक्तजनहरू यहाँ आइपुग्दछन् । त्यस बाहेक विजया दशमीको समयमा अष्टमी, नवमीका दिन पूजापाठ र वलि समेत हुनेगर्दछ । त्यसैगरी चैते दशैंताका पनि धेरै संख्यामा यात्रुहरू जम्मा हुनेगर्दछन् ।

यस मन्दिरमा आफ्नो मनोकामना पुरा होस भनी साथै सन्तान प्राप्ती होस्, दाम्पत्य जीवन सफल रहोस्, विदेश यात्राको कामना सहितका इत्यादि भाकल गरी श्रद्धा प्रकट गर्दछन् । वाला चतुर्दशीका दिन मृत

आफन्तको सम्झनामा बत्ति बाल्ने, रातभरि जाग्राम बसी भक्तिभाव प्रकट गर्ने गर्दछन् । भोलिपल्ट शतवीज छरी पुण्य कमाउँदछन् । यसको अतिरिक्त यस तीर्थ स्थलमा विवाह, व्रतबन्ध, छेवर जस्ता सामाजिक संस्कार समेत हुने गर्दछ ।

पञ्चधुरा माईस्थान मन्दिरको धार्मिक अवस्था

यो मन्दिर परिसर करिब १०-१२ विगाहा जमिनमा फैलिएको छ । त्यस मध्ये केही जमिन ऐलानी, स्वामित्व दर्ता नभएको अवस्थामा छ । केही जमिन मन्दिर र पोखरीले चर्चेको छ भने केही झाडी र उपयोग विहीन छ । नजिकमा सशस्त्र प्रहरी गणको कार्यालय र प्रहरी जवानको घर रहेको छ ।

मन्दिरको आम्दानीको मुख्य श्रोत यहाँ चढाइने नगदी, जिन्सी, घण्टा, गरगहना, भेटी र दस्तुर इत्यादि हुन् । मन्दिरमा विवाह, व्रतबन्ध, छेवर इत्यादि कार्य गर्दा संरक्षण समितिले तोकेको दस्तुर, ठेक्का कवुल अनुसारको सेवा शुल्क बुझाउनु पर्दछ । यी शुल्क, दस्तुर वार्षिक रूपमा लाग्ने सिदाकी (शिराकी) ठेक्का कवुल अनुसार उठाइने गरिन्छ । यसका लागि सेवालाई विभिन्न भागमा वर्गीकरण गरी शुल्कहरू तोकिएको छ । यिनै शुल्क, सेवादस्तुर र चढाइएका रकम नै आम्दानीको प्रमुख श्रोत हो । यस बाहेक नगरपालिकाको अनुदान, कार्यक्रम वजेट, पर्यटन मन्त्रालयबाट दिइने अनुदान, समाजसेवी, स्थानीय दाता, शुभेच्छुकहरूबाट प्राप्त हुने रकम पनि आम्दानीका श्रोत हुन् । यस मन्दिरमा एक जना पुजारी, ३-४ जना हेरालु कर्मचारी कार्यरत छन् । जसको पारिश्रमिक, ज्याला, भेटी, दान र चढाइएका रकमबाट दिइन्छ ।

उपसंहार/सम्भावनाहरू

यो मन्दिर वर्दिवास नगरपालिकाभित्रको ठुलो र पवित्र तीर्थस्थलको रूपमा रहेको छ । पूर्व-पश्चिम राजमार्गको एकदमै नजिक र यातायातको सुविधा भएता पनि प्रचारप्रसारको कमीले यो स्थान ओझेलमा परेको छ ।

मन्दिरको जग्गाको स्वामित्व संरक्षण दर्ता छुट भएका जग्गाको दर्ता गराउने, ऐलानी जग्गा स्वामत्विमा ल्याउने, मन्दिर परिसरमा कम्पाउण्ड वाल लगाई घेर्ने, तीर्थालुहरूको सुविधाको लागि एक सुविधा सम्पन्न धर्मशाला बनाउने, विवाह गर्ने सुविधाको लागि एक मण्डप बनाउने, त्यसमा क्याटरिङ सुविधा, पूजा सामग्री विक्रीकक्ष राख्न सकेमा अझ राम्रो हुने थियो ।

त्यसको अतिरिक्त पानीको मुहान संरक्षण, तलाउको पूर्णनिर्माण गराई जंगली चराचुरूङ्गीको वास स्थान वृद्धि गराउन सकेमा र प्राकृतिक सौन्दर्यता वृद्धि गराउन सकेमा जैवीक विविधता सहितको तीर्थस्थल बन्ने थियो र भविष्यमा राष्ट्रियस्तरको तीर्थस्थल बन्ने सपना साकार हुने थियो । ❖

-ठिमी, भक्तपुर

वैदिक सनातन धर्मको रक्षा

–सहप्रा. डा. विनुबाबा अर्याल

हाम्रो वैदिक सनातन हिन्दु धर्म विश्वको अन्य सबै धर्मभन्दा प्राचीन मूल धर्म हो । आर्यहरूद्वारा प्रतिपादन गरिएकोले यसलाई आर्य धर्म भनिन्छ । अनादिकालदेखि चल्दै आएकोले सनातन धर्म भनिन्छ । वेदद्वारा प्रतिष्ठित भएकोले यसलाई वैदिक धर्म भनेर पुकारिन्छ । वैदिक सनातन हिन्दुधर्म कुनै एउटा व्यक्ति, विद्वान, धार्मिक नेता वा राजनेताले स्थापना गरेको नभई हिमालयको काखमा उत्पत्ति भएका आर्यहरूका वंशज ऋषिमुनिहरूको समूहले वैदिक विधिपूर्वक स्थापना गरेको धर्म हो ।

जुन कर्म, आचरण अनुशरण गर्नाले प्राणिमात्रको हित हुन्छ त्यसलाई धर्म भनिन्छ । जुन कर्म गर्नाले आत्मासन्तुष्टि मिल्छ, त्यसैलाई धर्म भनिन्छ । धर्म भनेको नैतिक नियम हो, असल आचरण हो । यसको आधारमा मानव समाज सञ्चालन भएको हुन्छ । अतः धर्मको विरोधी मानव दानव बन्दछ, अधर्म मनुष्यको विकृति हो ।

हिन्दु धर्म भगवद्भक्ति माथिको दृढरूपले प्रतिष्ठित र वेद भगवान्मा, मुक्तिप्रद आत्मज्ञानमा र परलोकमा दृढ विश्वासी धर्म हो । जन्मान्तरमा विश्वास गरे तापनि हिन्दुहरू आत्मालाई र आत्मज्ञानलाई जन्मरहित भनी निःसंदिग्ध रूपले जान्दछन् । आस्तिक हिन्दु धर्मावलम्बी मानिस संस्कारको बलले आफ्नो धर्मलाई मोक्षको साधन भनी मान्दछन् ।

सनातन धर्म कुनै पनि धर्मको सम्प्रदायिक स्वरूप होइन । यो त शाश्वत जीवहरूको शाश्वत परमात्मासँग सम्वन्धित शाश्वत क्रियाकलापहरूको सूचना हो । शाश्वत त त्यही हो जो सदा रहिरहन्छ । जसको न आदि छ, न अन्त्य छ, यो त सदा सदा रहिरहने वृत्ति हो ।

धर्म त्यो निष्ठा विचार तथा क्रिया पद्धतिको नाम हो, जो सबैलाई धारण गर्दछ । जसबाट मनुष्यको सात्विक उत्थान हुन्छ, जुन प्राणीमात्रको वास्तविक हित तथा सुखको साधन हो तथा जसले अन्त्यमा मोक्ष प्रदान गर्दछ त्यही हो धर्म ।

धर्मो रक्षति रक्षित । जसले धर्मको रक्षा गर्छ, उसको रक्षा धर्मले गर्छ । धर्मले समाजको धारण गर्दछ । समाजलाई रसातलमा धकेल्ने धर्मको ध्यय हुँदैन । जहाँ धर्म छैन त्यहाँ न्याय छैन, विवेक छैन, मात्र आफ्नो अगाडिको विपुल शरीरमात्र छ । जिन्दगीका सबै तत्त्वहरू सम्वन्धहरू आदि आदि त्यसैमा गएर अडेको छ । उसमा त्यसको थुप्रोबाट



बाहिर आउने सोच नै हुँदैन । अतः यी सब मिलेर हाम्रो अतीतको वैदिक कल्पवृक्ष काट्दैछन् । यसलाई समयमा

नै हामीले रोक्न सकेनौं भने पृथ्वीमा हाम्रो कुनै अस्तित्व रहँदैन । आफ्नै आँगनमा जन्मेको हुर्केको धर्म दर्शन र चिन्तनमा डढेलो लागेको हेर्नु सिवायकेही हुँदैन । हाम्रो सभ्यताले जन्माएका वैचारिक, दार्शनिक र सांस्कृतिक



सम्पदामा आएको कुठाराघातलाई हटाउनुको विकल्प अर्को छैन । तर संस्कारलाई समय अनुसार परिमार्जन गर्दै भने लैजानु पर्दछ । गन्हाउने कुवा नवनाएर सफा नदी बनाउनु पर्दछ ।

नेपालमा अहिले धार्मिक सामाजिक पतन यसरी भइरहेको छ कि आफ्नो जीवन धन, धर्म, दर्शन, संस्कार, आचार विचार व्यवहार भेष भुषा, स्वराष्ट्र, स्वगौरव, स्वाभिमान केही भन्न नपाउने परिस्थिति हुँदा पनि नेपाली समाज किंकर्तव्यविमूढ भएर परचक्रिले र तिनका आदर्शमा चल्नेहरूले जता घचेट्यो उतै घचेटिने स्थितिमा पुगेको छ । हाम्रो वैदिक समाजशास्त्री, राष्ट्रधर्म चिन्तक ऋषिमुनिहरूको बारेमा र तिनीहरूको योगदानको बारेमा केही अत्तोपत्तो पाइँदैन, नपाइने स्थितिमा आइपुगेको देखिन्छ ।

वैदिक सनातन धर्म इतिहासको निश्चित समयदेखि चलेको धर्म नभई आदिकालदेखि चलिआएको धर्म हुनाले तथा नियमानुसार वेदवेदाङ्ग पढेमा धर्मको यथार्थ ज्ञान हुन सक्ने भए पनि वेद वेदाङ्गको अध्ययन अध्यापनको परम्परा सिथिल हुँदैगएको छ । वैदिक सनातन वर्णानुश्रम धर्मका विषयमा यथार्थ ज्ञान हुन नसक्नाले मान्छेहरू सन्देहमा पर्दैआएका छन् । तर धर्मको अनुशरण गर्दैगएपछि प्रारम्भको अन्धविश्वास जस्तो एकोहोरो विश्वास विवेकपूर्ण विश्वासमा बदलिँदै जान्छ । आफैं विवेक विचार पुऱ्याउन नसक्नेका लागि शास्त्रमा एकोहोरो श्रद्धा विश्वास पनि आवश्यक हुन्छ । कसैको लागि वैदिक धर्मशास्त्र अन्धविश्वासको विषय हुन सक्छ, तथापि वैदिक धर्मशास्त्र आफैंमा अन्धविश्वास र अध्याँरो गल्ली भने पक्कै होइन ।

यज्ञमा निहित वैदिक धर्मको मूल सर्वथा त्यागपरक र आत्मविचारपरक छ । समय समयमा आएका र ल्याइएका दूषित वातावरण तत्त्व, विचार भावनालाई फालेर स्वच्छ भई आफ्नो पूर्वीय संस्कृतिको चूरोलाई नत्यागी समय सापेक्ष हुनु पर्दछ । आफ्नो मौलिक परम्परा संस्कृतिलाई बिर्सेर प्राप्त गरिने भौतिक उपलब्धिले राष्ट्रको अस्तित्वलाई दिगो र दरिलो बन्न दिँदैन । त्यसैले हामीले भैतिक विकासको अभियानमा पाइला चाल्नुको साथसाथै आफ्नो धर्म संस्कृति र परम्पराको पनि समयानुकुल संरक्षण र संवर्द्धन गर्दै जानु अति आवश्यक छ । धर्मको रक्षा हामीले गर्न सक्यौ भने हामीलाई पनि धर्मले रक्षा गर्दछ भन्ने मूल मन्त्र अनुशरण गर्नु नै आजको आवश्कता हो ।

धर्म र राजनीति धेरै पुरानो शब्द हो । सनातन परम्परामा धर्म र राजनीति अर्थात् सत्ता सदा एकै साथमा रहेका छन् । जुन देशमा धर्मको राज हुन्छ त्यहाँको समाज सबल रहन्छ । धर्म र राजनीतिमा धर्म अगाडि छ र सत्ता पछाडि छ । धर्म प्रमुख छ र सत्ता गौण छ । यसले धर्ममा राजनीति हावी नहुनुपर्ने तर राजनीतिलाई धर्मले डोहोऱ्याउनु पर्ने संकेत गर्दछ । तर, सनातन हिन्दु राष्ट्रको नामले चिनिएको नेपाल अहिले धर्मनिरपेक्ष राष्ट्रमा परिणत गराइएको छ । जुनसुकै राष्ट्रको पनि आफ्नो पहिचान र अस्तित्व हुन्छ । हामी भने भएको हाम्रो पहिचानलाई पनि एक पछि अर्को गरी मेटाउन लागि परेका छौं । यतिवेला जसले जे मन लाग्यो गर्न छुट भएको अवस्था छ । सनातन वैदिक हिन्दु धर्मले कहिले पनि कुनै धर्मको विरोध गरेन र गर्ने पनि छैन । हिन्दु धर्ममा योग वहिष्कार पनि छैन । अर्थ र कामको तिरस्कार पनि छैन । वैदिक हिन्दु धर्म तथा संस्कृति आफ्नो अध्यात्मको लागि विश्व प्रख्यात रहेको छ ।

वैदिक धर्मले ज्ञानलाई महत्त्व दिन्छ । सत्यलाई स्वीकार गर्दछ । बलिदानी हुनु नै ज्ञानीको विशेषता हो । ज्ञानले उच्चतम अर्थ त्यतिवेलामात्र राख्न सक्छ जब यसले व्यक्तिको अनि लोकको कल्याण गर्दछ । ज्ञानका माध्यमबाट लोक कल्याणकारी उपयोगिता ल्याउन सक्ने अवस्थालाई प्रज्ञा भनिन्छ । त्यसैले जे जति जानिन्छ त्यो

ज्ञान हो र त्यो ज्ञानलाई सबैमा हित हुने काममा उपयोग गराउनु प्रज्ञा हो । प्रज्ञाले स्थायित्व, लोक कल्याणकारिता र पारस्परिकतामा आधारित विकासलाई स्थायित्व गर्छ । समाजलाई साँच्चै नै सभ्यताको उत्कर्षमा पुऱ्याउन मद्दत गर्दछ ।

बुद्धि ज्ञान र प्रज्ञाले मात्र सत्य मार्गको वोध गराउँछ । सत्यवोध भएपछि मात्र जीवनको वोध हुन्छ । पूर्वीय दर्शनले जीवनलाई उत्प्रेरित गर्दछ । मनुष्य जीवनको सफलताबाट नै देव जीवन प्राप्त हुन्छ । मुक्तिको बाटो खुल्दछ । यही हो मुक्तिको बाटो । मुक्तिलाई उद्देश्य बनाएर हिंडेको हाम्रो वैदिक संस्कृतिले हाम्रा पूर्वजहरूको ज्ञान, क्षमता, योग्यता, दक्षता आदिलाई ठोस लक्ष्य बनाएको हुनुपर्छ । हाम्रा पूर्वजहरू आफूले लिएको लक्ष्यमा केन्द्रित थिए । हामीमा पनि पूर्वीय संस्कारहरू छन्, तापनि पश्चिमी बानी व्यहोराले गर्दा हामीले आफूलाई कसरी स्थापित गराउने भन्ने कुरामा भ्रमित भएका छौं ।

अहिले हाम्रो समाजमा रूखो भैतिकवादको हावा चलिरहेको छ । त्यो हावाले हाम्रा वेद पुराण, गीता, महाभारत, रामायण र अगणित शास्त्रहरूको आधारशिलामा विकसित भएको पूर्वीय सभ्यताको दियोलाई निस्तेज पार्न खोजिरहेको छ । अर्कोतर्फ हामी आफैंमा पनि कमजोरीहरू रहेका छन् । त्यसले यस वैदिक सनातन धर्मलाई चारैतिरबाट कुठाराघात भइरहेको छ । उदाहरणको लागि वर्ण उत्पत्तिका बारेमा गुण, कर्म वा कार्यको आधारमा सामाजिक वर्गीकरण भएको उद्देश्य र सिद्धान्त राम्रो थियो । तापनि पछि गएर जन्ममा आधारित बनाएर पेशालाई पनि शुद्ध, अशुद्ध आदिका आधारमा वर्गीकरण गरी जातिपाति र छुवाछुतको भेदभाव सिर्जना भएपछि वर्ण व्यवस्थाको विकृति पैदा भएर आयो । समयसापेक्ष सुधार गर्न नसकेमा वर्ग संघर्षको रण मैदान बन्दछ । समाजमा रूढीवादी र संकुचित भेदभावका कारण श्रद्धाको स्थानमा घृणा, द्वेष, ईर्ष्या उत्पन्न हुने, कोही ज्यादै उच्च कुलको मानी देवताजस्तो त कोहीले अति नीच पशु जस्तो स्थान लिनु परेको छ । अब वेदसँग बाभिने र वैदिक सहिष्णुतालाई तहसनहस पार्ने जुन दोषहरू पौराणिक साहित्यहरूमा घुसाइएका छन्, तीप्रति हामी रक्षात्मक बन्दै थामथुम गर्ने होइन कि वेद र वैदिक दर्शनको कसीले घोट्दा जे शुद्ध निस्कन्छ, तिनलाई राख्ने, जे कुरा अशुद्ध निस्कन्छ, तिनको व्यापक विमर्श र खोज गरेर शुद्धिकरण गर्नु वाहेक कुनै अर्को कल्याणकारी मार्ग हाम्रो अगाडि उपलब्ध छैन ।

'यो वेदवेदान् न स वेद वेद्य सत्य स्थितो यस्तुस वेद वेद्यय' (महाभारत उद्योगपर्व ४३/५८) । अर्थात् वेद शब्दार्थ जान्नेले वेद जान्दैन । सत्यमा स्थित हुनेले जान्दछ भन्ने कुरालाई मनन् गरेर शास्त्रको शब्दार्थको पछि नलागेर सत्यको अनुसरणमा लाग्नु परेको छ ।

हाम्रो सनातन वैदिक धर्मको मूल उद्देश्य छ– पवित्र ग्रन्थहरूका उपदेशलाई जीवनमा उतार्ने प्रयत्न गर्ने तर अर्थै

नबुझी नबुझी पाठ गर्ने परम्पराले मूल उद्देश्य खल्वलिन्छ भन्नेतर्फ हाम्रो ध्यान गएको छैन । यसरी हाम्रो सनातन धर्म समाज आफ्नो लक्ष्यमा विचलित हुँदै गइरहेको हामी पाउँछौं । जो राम्रो होइन यसतर्फ विद्वान्हरूको ध्यान जानु नितान्त आवश्यक छ ।

पूर्वीय चिन्तनमा बुद्धि, ज्ञान, विज्ञान, विद्या, प्रज्ञा सभ्य समाजको विकासको महत्त्वपूर्ण खम्वाहरू मानिन्छन् । आज शिक्षाको होडमा लागेका हामीले संस्कारका महत्त्वलाई भुल्दै गएका छौं । वैभवको महत्त्वलाई नै ज्यादा बुझेर मानवको महत्त्वलाई बढाउन सकेका छैनौं । सफल मान्छे मात्र बनाएर पुग्दैन, असल मान्छे बनाउन जीवनको स्तर बढाउन सक्ने पूर्वीय संस्कृतिलाई विजारोपण गरी फैलाउनु पर्दछ । तर दुःख लाग्ने विषय यो छ कि सबै धर्मलाई समान देख्ने हिन्दु धर्मको विरोध भइरहेको छ ।

सनातन हिन्दु राष्ट्रको नामले चिनिएको, हिन्दु राष्ट्र भनी विश्व प्रतिष्ठित नेपाल अहिले धर्मनिरपेक्ष राष्ट्रमा परिणत भएको छ । जुन सुकै राष्ट्रको पनि आफ्नो पहिचान

र अस्तित्व हुन्छ । हामी भने भएको हाम्रो पहिचानलाई पनि एक पछि अर्को गरी मेटाउन लागिपरेका छौं । विश्वमा एउटा यस्तो धर्म छ, जसले आफ्नो प्रचारप्रसार कहिल्यै कसैको सामु गरेन, यो भन्दैमा यो धर्म माथि नै धावा बोल्ने काम चाहि ठीक भएन । यो कमी कमजोरी भनेको हामीमै छ । अरूको देशमा गएर कसैले पनि आफ्नो मनमानी गर्न सक्तैनन् । जवसम्म त्यो देशका उच्च पदस्थ व्यक्तिहरूबाट आड मिल्दैन ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बस्ने सबैले वैदिक सनातन हिन्दु धर्मको महत्त्व बुझ्नु पर्दछ । राज्यले पनि हिन्दु धर्मको विकल्प हिन्दु धर्म नै हो भनेर राम्ररी बुझ्नु पर्दछ । राजनीतिक दलका नेताहरूले एकले अर्कोलाई दोष नलगाई जतिसक्दो चाँडो हिन्दु राष्ट्र घोषणा गर्नु पर्दछ । सञ्चारमाध्यमहरूले यस विषयमा वहस चलाएर जनजनलाई बुझाउनु पर्दछ । यसमा अहम भूमिका भनेको सञ्चारमाध्यमहरूकै हो ।

धर्मनिरपेक्षताको सवभन्दा डरलाग्दो अवस्था भनेको हिन्दु धर्ममाथि अन्य धर्मको हस्तक्षेप भएको छ । घरघरमा गएर धर्म परिवर्तन गराउने अभियान धेरै समय अघिदेखि चलिरहेको छ । यो राम्रो संकेत होइन । हाम्रो वैदिक सनातन धर्मले अरू धर्मको विरूद्ध प्रचार प्रसार गर्दैन । बरू अरू धर्मलाई पनि आदरको दृष्टिले हेर्ने सिकाउँछ । यसैमा यसको महानता झल्कन्छ । यही देशको कोशी नदीको तिरमा महामुनि विश्वामित्रको आश्रम थियो र यही देशमा विदेह राजा जनक र महर्षि कपिलको जन्म भयो । यही देशबाट संसारलाई महात्मा गौतम बुद्धले शान्ति र अहिंसाको शिक्षा दिए । त्यसकारण प्राचीन कालदेखि नै नेपाल एक तीर्थस्थलको रूपमा रहेको छ ।

विश्वको एक मात्र सनाननीय हिन्दु राष्ट्र नेपाललाई आज केही सीमित व्यक्तिको स्वार्थपूर्तिको निम्ति धर्म निरपेक्ष राज्य घोषणा गरिएको छ । हिन्दु सभ्यतामा अहिले कुठाराघात भइरहेको मात्र होइन यहाँको संस्कृति नष्ट पार्ने दुःसाहस भइरहेको छ । यसलाई अहिले नै रोक्नुपर्ने छ । वास्तवमा यथार्थ बुझ्न सकेमा, वेद जनित हिन्दु दर्शन र आध्यात्मिक जीवन पद्धति नै मङ्गलकारी पवित्र शिवमार्ग हो । यही नै हाम्रो देश नेपालको सगौरव, स्वाभिमान स्वधर्म, संस्कृति हो । अतः वैदिक सनातन हिन्दु धर्मको रक्षा गरौं ।❖

–बत्तीसपुतली, काठमाडौं

परमाणुदेखि विमानसम्मका

आविस्कार वेदमै

– कल्याण पन्त

वेद हजारौं वर्ष पहिले लेखिएको एक धार्मिक ग्रन्थ हो । यसको उत्पत्ति अनादि र ॐकार रूप परमात्माबाट प्रकट भएको मानिन्छ । अझ भनिन्छ, सुरुमा वेद एउटै थियो । समय क्रममा वेदव्यासले ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभक्त गरे । तन्त्र अनुसार वेद यामलबाट उत्पन्न भयो । यामल भन्नाले आगम (विज्ञान) बाट उत्पन्न तन्त्र ग्रन्थ हो । यसमध्ये ब्रह्मा यामलबाट सामवेद, रूद्रयामलबाट ऋग्वेद, विष्णु यामलबाट यजुर्वेद र शक्तियामलबाट अथर्ववेद उत्पत्ति भएका हुन् भनिएको छ । यामल शिवबाट विष्णु, विष्णुबाट गणेशलाई दिइएको शिक्षा हो । गणेशबाटै यसको प्रचारप्रसार भएको हो भनिएको छ ।



'वेद' भन्नाले ज्ञान भन्ने बुझिन्छ । अहिले यो पुस्ताकारमा छ । भगवान् विष्णुको श्वासप्रश्वासको कम्पनबाट वेदको प्रार्दुभाव भएको हुँदा विष्णु भगवान् नै वेदका मूल स्रोत मानिन्छ । विष्णु भगवान्ले ब्रह्मालाई वेद सिकाए । ब्रह्माले यसै ज्ञानको आधारमा ब्रह्माण्डको रचना गरेका हुन् भन्ने विश्वास अद्यापि छ । यो ज्ञान क्रमशः फैलिदैं गयो । फैलिएर आएको हुँदा यसलाई कालान्तरमा श्रुति (सुनेको ज्ञान) को आधारमा पुस्तान्तरण हुँदै गयो । धेरैपछि मात्र यो लिखित रूपमा आयो । वेद समग्र ज्ञानको भण्डार हो, वेदभित्र जुनसुकै विषयवस्तु छन् ।

मूलतः वेद ४ प्रकारका छन्- ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । ऋग्वेदमा धर्म अर्थात् आधिकारिक कर्म मन्त्रमार्फत भगवान्को अनुभूति, कर्तव्य, भलाइ र मानसिक शान्तिका बारेमा लेखिएका छन् । यजुर्वेदमा मोक्ष, नेतृत्व, पुरूषत्व तथा शक्ति, प्रसिद्धि, बहादुरिता र मन्त्रोच्चारणमा धार्मिक संस्कार र अधिकारका बारे उल्लेख छन् ।

सामवेदमा कर्म, मनोरञ्जन (खेल, कला र साहित्य) बारेमा लेखिएको छ । त्यसरी नै अथर्ववेदमा इमानदारिताद्वारा कमाइने धन, औषधि, खानेकुरा, प्राणी, भवन र गाडीका बारेमा दर्शाइएका छन् ।

वेदका आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र स्थापत्यवेद जस्ता हाँगा छन् । आयुर्वेद धन्वन्तरि ऋषिले रचना गरेका हुन् । यसमा स्वस्थ्य शरीरका लागि जडीबुटीहरूको चरित्रचित्रण गरिएको छ । धनुर्विद्या विश्वामित्र ऋषिले रचना गरेका हुन् । यसमा धनु र हतियारका बारेमा उपयोगी जानकारी रहेका छन् । गान्धर्व वेद नारदमुनिले रचना गरेका हुन् । यसमा संगीतकलाको बारेमा लेखिएको छ । स्थापत्यवेदमा शिल्पकला (कारिगारी) तथा अन्य कलाका बारेमा उल्लेख छ । अझ यसमा छ वटा क्षेत्रगत विधा रहेका छन् । ध्वनिको उत्पत्ति (शिक्षा), शब्द तथा वाक्यका गठन (व्याकरण), शब्दार्थ उत्पत्तिसम्बन्धी ज्ञान (निरूक्त), संस्कार तथा उत्सवसम्बन्धी चालचलन (कल्प), लय तथा वाक्कलाका शैली (छन्द) र ग्रह तथा खगोल सम्बन्धी जानकारी (ज्योतिष) पाइन्छ ।

साच्चै नै वेदमा अणु परमाणुदेखि विमानसम्मका

भौतिक वस्तुहरूको व्याख्या छ भन्दा आश्चर्य लाग्न सक्छ। आधुनिक वैज्ञानिक आविष्कारहरू सञ्चार, शिक्षा, स्वास्थ्य, प्रशासन आदि सम्पूर्ण जिउने पद्धति वेदमै रहेको छ। यो सनातनी आर्यहरूको मुख्य ग्रन्थ हो।

मानव सभ्यताको सुरूवातबाटै विभिन्न उपकरण, यन्त्रहरू प्रयोगमा आइरहेका छन्। प्राचीन युगमा पनि चिरफार हुने गर्दथ्यो। त्यतिखेरको बेग्लै पद्धति थियो। मानव निरोगी नै थिए तर आजको एक्काइसौ शताब्दीमा ती सबै दन्त्य कथा जस्ता भइसकेका छन्। सभ्यता क्रमसँगसँगै हर प्रकारका विकास आधुनिकतामा फर्किसकेको छ। जीवनशैली विलासीमा गइसकेको छ। ऋषिमुनिका पालामा एक सय वर्षभन्दा बढी बाँचेका उदाहरण छन्। वर्तमान सुविधा सम्पन्न युगमा त्यति वर्ष विरलै बाँचेको पाइन्छ। त्यतिखेर गुरूकुल शिक्षा परम्परा थियो। योगाभ्यास, तन्त्र, मन्त्र, यन्त्र आदिमा विश्वास गर्ने प्रचलन थियो। अनुशासन, जीवनशैली, घरव्यवहार चलाउन सक्ने व्यवहारिक शिक्षा पद्धति थियो। सञ्चार क्षेत्र त्यत्तिकै शक्तिशाली थियो। धर्मशास्त्रहरूमा उल्लेख भए अनुसार वायुमण्डलमा विचरण गर्ने जहाज (रथ), सूर्य शक्तिबाट चल्ने विमान, वैदिक कार, पुष्पक विमान थिए। आधुनिक युगमा पहिलेका भन्दा कयौं गुना भौतिकवादी यस दुनियाँमा हामी सर्वभोगी छौं। अहिले स्वास्थ्य, शिक्षा र सञ्चारले फड्को मारिसकेको छ। हालका क्षेत्रगत वैज्ञानिकहरूले अणु परमाणुसम्म आआफ्नो सीमा निर्धारण गरिसकेका छन्। साँच्चै नै एक्काइसौं शताब्दीमा भएको आविष्कार पौराणिक कालका भन्दा कम छैनन्।

वेद अनुसार ऋषिमुनिहरू सत्यवादी, धर्मात्मा, ज्ञानी थिए। शौच, सन्तोष, जप, तप, स्वाध्याय, सदाचारी, ब्रह्म तेजले सम्पन्न लामो समय समाधिमा बस्न सक्ने तपस्वी ऋषिमुनि हुन्। सृष्टिलाई सुव्यवस्थित तवरले अघि बढाउन महर्षिको ठूलो योगदान रहेको पाइन्छ। ब्रह्माजीको समयमा ऋषिहरूले वेदको आविर्भावजस्तो महत्त्वपूर्ण कार्य गरेका थिए।

परमाणु

परमाणु सिद्धान्तका आविष्कारक अठारौं शताब्दीका बेलायती वैज्ञानिक जोहन डाल्टन (१७६६-१८४४) थिए। तर पछि परमाणु संरचना बारेमा अर्नेस्ट रदरफोर्ड (१८७१-१९३७) ले व्याख्या गरेका हुन्। अझ पछिल्लो क्रममा डेनिस भौतिकशास्त्री निल बोहर (१८८५-१९३४) पनि यस सिद्धान्तसँग जोडिएका वैज्ञानिक हुन्। यस विषयमा पौराणिक कालका नैयायिकाले व्याख्या गरेका छन्। उनीहरूले 'कोठाभित्र जालीको प्वालबाट छिरेको सूर्यको किरणको धुलो मध्ये एक धूलोको छ भाग मध्ये एक भागलाई परमाणु भनिन्छ भनेर अर्थ्याएका छन्' -

जालान्तरगते भानौ यत्सूक्ष्मम् दृश्यते रजः।
तस्य षष्ठतमो भागः परमाणु रितीर्यते।

अझ त्यति बेला नै यसलाई स्पष्ट पार्न भनिएको छ, टुक्रा पार्न वा भाग लगाउन नसकिने सबैभन्दा सानो अंशलाई परमाणु भनिन्छ। महर्षि गौतमले न्यायदर्शनमा परमाणुवाद उल्लेख छन्। त्यहाँ भनिएको छ, परमाणुबाटै अपरिमित शक्ति निस्कन्छ र यो शक्तिबाट निर्माण वा विनास दुवै हुन सक्छ। यसलाई परमाणुवाद भनिन्छ। परमाणुबाटै जगत्को सृष्टि भएको हो भन्ने समेत न्याय वा वैशेषिकको सिद्धान्तमा छ। भाष्यकार वात्सायनले आफ्नो भाष्यमा भनेका छन्- यस्मान्नाल्पतमस्ति, यः परमो=मल्पस्तत्र निवर्वते, यतश्च नाल्पोयोद्रस्ति। तम् परमाणुम् प्रचक्ष्महे।

अर्थात् पृथ्वी, जल, तेज र वायुको सबैभन्दा सानो अंशलाई परमाणु भन्दछन्। त्यसैगरी कणाद ऋषिले पनि अप्सरा साधना सिद्ध गरेर परमाणुको बनावट बारेमा व्याख्या गरेका छन्।

रैभ जहाज

रैभ जहाज प्राचीन कालमा बनाइएको थियो। यसमा तीन वटा पाङ्ग्रा थिए। यसको हिन्दु ऋषि रैभले आविष्कार गरेका थिए। ऋग्वेदको चौथो मण्डलको छत्तिसौं सूक्तको पहिलो मन्त्रमा यो जहाजको बारेमा दिइएको छ। ऋग्वेद भन्छ हे रैभ ! तिमीले जुन महान् जहाज निर्माण गर्‍यौ, त्यसमा अस्त्रको आवश्यकता छैन। जहाजको बारेमा तत्कालीन देवगणले निकै नै प्रशंसा गरेका छन्।

सौर्य विमान

सौर्य ऊर्जाबाट चल्ने जहाज वैदिककालीन समयमै निर्माण भएको थियो। त्यो जहाज दुईटा शक्तिले चल्थ्यो। एउटा मेशिन अर्को वसु नामक सूर्यको किरण।

सूर्य किरणको वर्णपटमा देखिने सात वटा किरणमध्ये एउट किरणको नाम वसु हो । यसले रासायनिक शक्तिलाई विद्युत् शक्तिमा बदल्ने गर्दछ । ऋग्वेदमा उल्लेख गरिएको छ, अस्माकं मित्रावरूणावतम् रथमादित्यै रूद्रैर्वसुभिः सचा भुवा (ऋग्वेद २/३१/१) । यहाँ मित्रावरूणौको अर्थ दुई वटा शक्ति भन्ने बुझिन्छ । आजभोलिको आधुनिक जहाजमा पनि दुइटा मेशिन राखिएको हुन्छ । रूद्रको अर्थ जोडी धातु भन्ने हुन्छ । यसलाई हालको जहाजमा रहने फोटो डाई इलेक्ट्रिक इफेक्ट सिद्धान्तसँग तुलना गर्न मिल्छ ।

विमान महाभारत, रामायण, पुराणकालीन समयमा उल्लेख गरिएको छ–

कैलासपर्वतम् गत्वा विजित्य नरवाहनम् ।

विमानं पुष्पकम् तस्य कामगं वैजहार यः ।

(वाल्मीकि रामायण ३१/१४)

वेद विद्याज्ञाता बलशाली रावणले कैलाश पर्वतमा गएर पुष्पक विमान भगवान् कुवेरलाई जितेर ल्याएका थिए भन्ने श्लोक पाइन्छ । कामगंको अर्थ जता चाह्यो उतै पुऱ्याइदिने वेगशाली विमान भन्ने बुझिन्छ । त्यसरी नै पद्मपुराणमा भृगु ऋषिले उत्तरखण्डमा भगवान् शंकर विराजमान भएको स्थानमा वायुमार्ग भएर भेदन गएको प्रसङ्ग छ–

एवमुक्तो भुगुस्तुर्ण कैलाश मुनिसत्तमः ।

जगाम वायुमार्गेण यत्रास्ते वृषभध्वजः ॥

महर्षि शौनकले व्योमयान तन्त्रमा हवाइजहाज सम्बन्धी कल, पुर्जा, यन्त्र आदिका बारे उल्लेख गरेका छन् । यसलाई पाश्चात्य वैज्ञानिक सोपेनहानवर, डा. जकालियतले स्वीकार गरेका छन् ।

दूरबीनका आविष्कारक ग्यालिलियो मानिन्छन् । तर भाष्कराचार्यले सिद्धान्त शिरोमणि भन्ने ग्रन्थमा तुरीययन्त्र (दूरबीन) का बारेमा उल्लेख गरेका छन् । यसैगरी गुरूत्वाकर्षण सम्बन्धी नियमहरू भाष्कराचार्यले नै हजारौं वर्षअघि नै व्याख्या गरिदिएका थिए । उनले भनेका छन्– "आकृष्ट शक्तिश्च महीतया पत् – स्थम् गुरूत्वाभिमुखम् स्वशकल्या आकृष्यते तत् पततीय भाति समे समन्तात् क्व पतत्वियम् खे ।

कश्यप ऋषिले यस्तो वैदिक कारको निर्माण गरेका थिए, जुन पानीको सतहमा पनि गुड्न सक्थ्यो । तत्कालीन नदी, समुद्रमा गुड्न सक्ने कारलाई अति प्रशंसा गरिएको थियो । यस सम्बन्धमा ऋग्वेदमा उल्लेख गरिएको छ–

परि प्रासिष्यदत् कविः सिन्धोरूर्मवधिश्री (९/१४/६)

हामीले बेलाबखतमा उडनतस्तरीका बारेमा पनि सुन्दै आइरहेका छौं । यो एक किसिमको यान हो । तर वैज्ञानिकहरूले अहिलेसम्म यसका बारे केही भन्न सकेका छैनन् । सन् १९०८ अक्टोबर १२ मा आकाशमा यस्तो यान देखिएको चर्चा चलेको थियो । कुनै वैज्ञानिकहरूले यसलाई चट्टानबाट उत्पन्न बिद्युत् तरङ्ग भने । कसैले कुनै चम्किलो तारा, बादल, ध्रुवीय ज्योति आदि भने । नेशनल इन्क्वारी नामक पत्रिकाले यो पत्ता लगाउनेलाई १० लाख डलर इनाम दिने पनि घोषणा गरेको थियो । यस्तो यान अमेरिकाको फ्लोरिडा राज्यमा आइरहने बताइएको थियो । आजभोलि वैज्ञानिकहरूले यसलाई 'अनआइडेन्टिफाइड अब्जेक्ट' (पहिचान नभएको वस्तु) भनेका छन् ।

सारांशमा भन्दा वैदिक कालमा परमाणुदेखि विमानसम्मका सम्पूर्ण भौतिक सम्पन्नताका बारेमा पनि उल्लेख गरिएको छ । तर वेदको उपेक्षा स्वरूप आज हामी यसबारे अनभिज्ञ छौं, विमुख छौं । विश्वकै पुरानो मानिने वेद एउटा कुनामा थन्केको छ । तर महत्त्व बुझ्ने सीमित विदेशीहरूले यसको रस लिएका छन् । आज पाश्चात्य ग्रन्थहरू प्रत्येक पुस्तकालयका दराजमा सम्मानपूर्वक राखिएका छन् । जुनसुकै रोग होस् या आविष्कार यो वेदमै आधारित छ । नयाँ प्रकारका रोग कुन समयमा देखा पर्छ भन्ने जस्ता ब्रह्माण्डलाई सञ्चालन गर्ने तत्त्व यसैमा छ । हाल विश्वभर देखिएको महामारी रोगको बारेमा पनि विभिन्न धार्मिक ग्रन्थ नारद संहिता र शिव पुराणहरूमा पनि यसको संकेत गरिएको छ । आज विश्वमा जे जति आविष्कार भएका छन् यसको श्रेय पश्चिमी देशले लिएका छन् । तर यी सबैको यथार्थ ज्ञानको भण्डार वेद नै हो, यो नै आविष्कारको जननी हो । अन्तमा यसको मर्म र धर्मलाई आत्मसात् गर्न सकेमा अझ आधुनिक विज्ञानले निकै ठूलो फड्को मार्न सक्ने कुरा कुनै द्विविधा हुने छैन् ।❖

(तीर्थस्मृति प्रतिष्ठान, नेपाल २०७७ को प्रकाशन "च्यवन घट्ट" पत्रिकाको एक अंश)

गतिविधि

ब्रुमर हस्तान्तरण

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल एसबिआइ बैंक लिमिटेडद्वारा पशुपति क्षेत्र विकास कोषलाई ब्रुमर सहयोग हस्तान्तरण गरिएको छ । गत मङ्सिर २८ गते एक कार्यक्रमका बिच बैंकका प्रतिनिधिले कोषका प्रतिनिधिलाई ब्रुमरको साँचो हस्तान्तरण गर्नुभएको थियो ।

अन्तरिम आदेशको निरन्तरता

सर्वोच्च अदालतले पशुपति क्षेत्र विकास कोषद्वारा अवैध भनिएको गौशाला धर्मशालाको संरचना भत्काउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्च अदालतका माननीय न्यायधिषद्वय श्यामजी प्रधान र दिपेन्द्रबहादुर बमको इजलाशले पशुपति क्षेत्र विकास कोषलाई असोज २६ गतेको पत्र, कात्तिक ४ गतेको सूचना र मङ्सिर ९ गतेको पत्रमा निवेदकले अवैध संरचना निर्माण गरेको भए सो संरचना कानून बमोजिमको प्रकृया अवलम्बन गरी वैध अवैध रहेको एकिन गरी परिषद्बाट भत्काउने निर्णय भएको भन्ने नदेखिएकोले सो सूचना एवम् पत्र कार्यान्वयन भएमा सार्वजनिक संरचना क्षति हुन सक्ने भएकोले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कित्ता नं. ८३ र ८५ मा अवस्थित संरचना भत्काउने संवन्धमा प्रकाशित उक्त सूचना र जारी भएका उक्त पत्रहरूअनुसारको कुनै पनि कार्य नगर्नु नगराउनु भनी गत मङ्सिर ८ मा भएको अल्पकालिन आदेशलाई उच्च अदालत नियमावली २०७५ को नियम ४२ बमोजिम निरन्तरता प्रदान गरिएको जनाइएको छ ।

यस अघि गत कात्तिक ४ गते सूचना जारी गर्दै मारवाडी सेवा समितिद्वारा सञ्चालित गौशाला धर्मशालामा संभ्फौता बमोजिमको कार्यहरू नभएको र संरचनाहरूसमेत अवैध प्रकारले निर्माण गरिएको भन्दै ३५ दिनभित्र सम्भ्फौता र मापदण्ड विपरीतका संरचना हटाउन आग्रह गरेको थियो । पुनः मङ्सिर ९ गते उक्त पत्रको कार्यान्वयन नभएको भन्दै १० गते धर्मशालाको अवैध संरचना भत्काउने भन्ने व्यहोराका पत्र काटेर धर्मशालाका संरचना भत्काउने प्रयास समेत गरेको थियो ।

स्वस्थानी पूर्णिमा पुस २२ मा

यस वर्षको स्वस्थानी व्रतारम्भ यही पुस २२ गतेबाट हुने भएको छ । सनातन धर्मावलम्बीहरूले हरेक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म स्वस्थानी माताको व्रत वसी कथा सुन्ने चलन छ । सत्ययुगमा हिमालय पर्वतकी छोरी पार्वतीले यही स्वस्थानी व्रतको प्रभावले महादेव स्वामी पाएको पौराणिक मान्यताको आधारमा मनोकांक्षा पूरा हुने विश्वासले यो व्रत बस्ने चलन छ । स्कन्दपुराण केदारखण्डको माघ महात्म्यमा श्रीस्वस्थानी व्रतकथाको वर्णन छ । यस अवधिमा काठमाडौंको साँखु शालिनदी र भक्तपुरको हनुमान घाटमा मेला समेत लाग्ने गर्दछ ।

सन्तानेश्वरमा ज्ञान महायज्ञ हुने

सन्तानेश्वर महादेव मन्दिर भ्फरुवाराशीमा आगामी माघ १२ गते श्रीपञ्चमीदेखि २२ गतेसम्म सन्तानेश्वर विराण ज्ञान महायज्ञ हुने भएको छ । स्वस्थानी मेला समेतको अवसर पारी आयोजना हुने उक्त विराण महायज्ञमा शिवमहापुराण कथा वाचन गरिनुको साथै रूद्राभिषेक, भजन, कीर्तनका कार्यक्रम आयोजना हुने जनाइएको छ । ❖

जाडोको समयमा

चिसोबाट बचौं !

- ❖ जाडोबाट बच्न तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- ❖ न्यानो कपडा लगाऔं,
- ❖ घर तथा कोठा न्यानो बनाऔं,
- ❖ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- ❖ बालबालिकालाई तेल मालिस गरिदिऔं,
- ❖ बढी चिसोमा मर्निङ वाक नगरौं,
- ❖ चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- ❖ दैनिक घाम ताप्ने गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

THE VEGGIE THALI
Pashupati, Ktm, 9823029394
Thali
MO:MO
Chowmein
Tea/Coffee
& many more hygienic vegetable foods are available here
INDIAN | SOUTH-INDIAN | NEPALI | CHINESE
Catering facilities also available here

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

CG
बनौं आदर्श नागरिक
वाइ वाइ
जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।
#banauaadarshnagarik
#बनौंआदर्शनागरिक

गौरी मासिक निरन्तर प्रकाशनको

२००

औं श्रृङ्खला

हालसम्मको निरन्तरताको लागि सहयोगी हातहरु सबैप्रति हार्दिक आभार ।
साथै यस पत्रिकाको अबिचलित यात्रा सुनिश्चित गर्न दीगो स्थायी श्रोतको
'अक्षय कोष'को निम्ति यथासक्य सहयोग गरिदिनुहुन शुभेच्छुकहरुमा
सविनय अनुरोध गर्दछौं ।

सम्पर्क:
भुवनेश्वरी मार्ग पशुपति, काठमाडौं
मोवायल: ९८०३०९२४१७, ९८५१०५३६०१